का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १७६
❒ २७ साउन २०७८, बुधबार
❒ 11 August 2021, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



कोरोनाको प्रवाह नगरी साझपख ललितपुरको पाटन दरबार तथा त्यस आसपास क्षेत्र घुम्न निस्किएका सर्वसाधरण । तस्वीरः प्रदीपराज वन्त, रासस

■ ओलीको चेतावनी

## प्रतिपक्षको सामना सजिलो हुन्न



प्रधानमन्त्रीबाट पदच्यूत हुँदै प्रमुख प्रतिपक्षी दलका नेताको हैसियतमा पुगेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकार सञ्चालनलाई सजिलो हुन नदिने संकेत दिएका छन् । पुनर्स्थापित प्रतिनिधिसभामा पहिलो पटक बोलेका ओलीले यस्ता प्रश्नहरु उठाएका छन्, जसको जवाफ सत्तारुढ गठबन्धन र प्रधानमन्त्रीका निम्ति सजिलो छैन ।

**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, २६ साउन ।

दोस्रो पटक पुनर्स्थापित प्रतिनिधिसभा बैठकमा पहिलोपटक बोलेका प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकार र सत्तारुढ नेताहरुको चर्को आलोचना गरेका छन्। २८ असारमा सर्वोच्च अदालतले पुनर्स्थापना गरेको संसद् बैठक ३ साउनदेखि चलिरहेको छ। तर अध्यक्ष ओली भने मंगलबार पहिलोपटक संसद गएका थिए ।

३ साउनमा प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मत लिइरहँदा पनि एमालेका तर्फबाट प्रदीप ज्ञवालीले संसदमा सम्बोधन गरेका थिए। त्यसबेला अन्य दलका भने प्रमुखहरुले बोलेका थिए । प्रधानमन्त्री देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र जनता समाजवादी पार्टी (जसपा) बाबुराम भट्टराईले सम्बोधन गरेका थिए ।

मंगलबार भने ओली सम्बोधन गर्न संसद्मा उपस्थित भए । उनले प्रधानमन्त्री देउवा, प्रचण्ड देखि आफ्नै दलका बरिष्ठ नेता माधवकुमार नेपाल विरुद्ध समेत चर्को आलोचनामा उत्रिए। सरकारले जनताको भावनाअनुसार काम गरोस् भन्ने सदिच्छा भएको बताएपनि कठोर आरोप लगाएका थिए। समृद्ध नेपालको राष्ट्रिय आकांक्षा प्राप्त गर्न आफ्नो पार्टीले उदार र फराकिलो भावनाका साथ चुनावी तालमेल र पार्टी एकीकरण गरेको उनको भनाइ थियो । विगतमा प्रतिपक्षसँग पनि संवाद सहमतिको बाँकी पृष्ठ २ मा

जिल्ला सभापतिहरुको भेला

## वैधानिकता जोगाउन दुई विकल्प

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ साउन ।

सरकारको नेतृत्व गरिरहेको दल नेपाली काँग्रेसमा पार्टीको वैधानिकता जोगाउने चिन्ता देखिएको छ । सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल र तेस्रो खेमाको नेतृत्व गर्ने नेता कृष्णप्रसाद सिटौलाले समेत क्रियाशील सदस्यता विवाद हल गर्न नसकेपछि भदौमा निर्धारित महाधिवेशन नहुने निश्चित भएको छ ।

तर भदौमा महाधिवेशन नभए पार्टी वैधानिकतामाथि प्रश्न उठ्ने भएपछि जिल्ला सभापतिहरुले सक्रियता बढाएका छन् । काठमाडौंका ठमेलमा दुई दिन भएको जिल्ला सभापतिहरुको भेलाले पार्टीको वैधानिकता जोगाउन मूलतः दुई विकल्प अगाडि बढाएका छन्। अहिलेको परिस्थितिमा संविधानले तोकेको समयभित्र महाधिवेशन सम्पन्न हुनेमा आशंका गर्दै उनीहरुले वैधानिकता जोगाउने विकल्प अगाडि बढाएका हुन् ।

उनीहरुले क्रियाशील सदस्यता विवाद कायमै रहेकाले 'फास्ट ट्र्याक' बाट पारदर्शी तरिकाले क्रियाशील सदस्यता टुंग्याएर भदौभित्रै महाधिवेशन सक्नुपर्ने विकल्पलाई प्राथमिकता दिएका छन् । अर्को विकल्पमा भने १३औं महाधिवेशनकै प्रतिनिधिहरुले विशेष महाधिवेशन गर्नुपर्ने प्रस्ताव गरिएको छ ।



निर्धारित समयमा महाधिवेशन नहुने निश्चित भएपछि नेपाली काँग्रेसका जिल्ला सभापतिहरुले पार्टीको वैधानिकता जोगाउन दुई विकल्प अगाडि सारेका छन् । उनीहरुले निर्वाचन आयोगले दिएको सुझाव मानेर संविधानले नचिन्ने बाटो नहिड्न पनि सचेत गराएका छन् ।

"भदौभित्र महाधिवेशन गर्न नसके १३औं महाधिवेशनको महाधिवेशन प्रतिनिधिबाट ६ महिनादेखि एक वर्षसम्मका लागि विशेष महाधिवेशन गरौं भन्ने हाम्रो प्रस्ताव हो", काभ्रेपलाञ्चोकका सभापति मधु आचार्यले भने ।

पार्टीको वैधानिकता निर्वाचन आयोगले दिन नसक्ने पनि जिल्ला सभापतिहरुको निष्कर्ष छ । "निर्वाचन आयोगले सुझाव दिएको जस्तो संविधानले नदिएको बाटोमा पार्टी जान हुँदैन भन्नेमा अधिकांश जिल्ला सभापतिहरुको छ", सभापति आचार्यले भने । महाधिवेशनको प्रक्रिया नियमित हुनुपर्ने उनको भनाइ थियो । छलफलमा ३८ जिल्ला सभापति र भर्चुअल माध्यमबाट १७ जिल्लाका सभापतिको सहभागिता थियो ।

नुवाकोट काँग्रेसका सभापति जगदीश्वरनर सिंह केसीले जिल्लाबाट पठाएको बाँकी पृष्ठ २ मा

## बढ्न थाल्यो राहदानी लिनेहरुको भीड

**बिर्सन श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २६ साउन

राहदानी विभागमा नयाँ राहदानी बनाउनेको भीड बढेको छ । खाडी मुलुकमा कामदार जाने क्रम बढेको र सरकारले इजरायलको रोजगारीका लागि आवेदन माग गरेपछि विभागमा नयाँ राहदानी लिनेको भीड दैनिकरुपमा बढ्दै गएको हो ।

विभागले १५ हजार रुपैयाँ शुल्क तिरेर दिउँसो एक बजेसम्म निवेदन दिए सोही दिन बेलुका ५ बजे, १२ हजार शुल्क तिरेमा भोलिपल्ट बेलुका ५ बजे, १० हजार शुल्क तिरेमा आवेदन गरेको तेश्रो दिन र ५ हजार रुपैयाँ तिरेर जिल्लाबाट आवेदन गरेमा ३५ दिन र विदेशबाट नेपाली दूतावासहरु मार्फत आवदेन गरेमा बढीमा ४५ दिनमा राहदानी दिने गरेको छ। तर तत्काल राहदानी चाहिनेहरु जिल्लाबाट सिफरिश लिएर विभागमा आवेदन दिन आउने क्रम बढेको छ ।

सरकारले राजधानीमा कोरोना भाइरस संक्रमण बढेको भन्दै स्वास्थ्य सुरक्षा व्यवस्थालाई कडाइ गरेपनि राहदानी विभागमा आवेदकहरुको भीडले स्वास्थ्य मापदण्डको खिल्ली उडाइरहेको राहदानी बनाउन सर्लाहीबाट आएका राम नरेश पासवानले मध्यान्हलाई बताए ।

उनले भने, 'यहाँ कोरोना संक्रमणभन्दा पनि कसरी सकेसम्म छिटो राहदानी हात पार्न सकिन्छ भन्ने भावनाले स्वास्थ्य मापदण्ड पालना नगरी तछाड मछाड गर्ने गरेका छन् ।' खटिएका सुरक्षाकर्मीहरुले भीड व्यवस्थापन कसरी गर्ने योजना बनाउन सकेको देखिएको छैन ।

इजरायलको केयर गिभरको आवेदन भर्ने योजनामा रहेकी मकवानपुरकी नवीना घलानले जिल्लाबाट आवेदन गर्दा तत्काल राहदानी बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### सिंगापुरको नाममा पौने तीन करोड ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि सिंगापुर पठाइदिने प्रलोभनमा करिब पौने तीन करोड रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । आफुलाई समृद्धि अब्रोड नामक कन्सलटेन्सीका मार्केटिङ म्यानेजर बताउने धादिङ, त्रिपुरासुन्दरी गाउँपालिका-४ का ३९ वर्षीय दीपबहादुर गुरुङलाई प्रहरीले २ करोड ६१ लाख ५५ हजार लिएको अभियोगमा अनुसन्धानका लागि पक्राउ गरेको हो ।

युवाहरुको रकम लिएर लामो समयदेखि सम्पर्कविहीन भएका गुरुङलाई प्रहरीले उनीहरुकै सूचनाका आधारमा पक्राउ गरेको बताइएको छ ।

त्यसैगरी धादिङ थाक्रेका निमा लामाले पनि काठमाडौं हाडीगाउँमा कन्सलटेन्सी सञ्चालन गरी त्यसमार्फत सिंगापुरमा रोजगारी लगाइदिने भन्दै ७८ जनाबाट लाखौं रकम रकम असुलेको उजुरी परेको छ ।

प्रहरीले ठगीको आरोपमा अनुसन्धान गर्न कम्पनीका संचालकसहित अन्य चार जनाको खोजी गरिरहेको बताएको छ । नेपालीले अन एराइभल भिसा पाउने सिंगापुरमा वर्कपर्मिट भने छैन । तर दलालहरुले क्रुजमा काममा लगाइदिने भन्दै ठगी गर्ने गरेको प्रहरीले बताएको छ ।

### यूएई उड्न लागेकाहरु एयरपोर्टमै अलपत्र

**काठमाडौं/मस–** अन्तिम समयमा यूएईले नेपालबाट हुने उडानमा रोक लगाएको सूचना दिएपछि सोमबार राति हिमालय एयरलाइन्स मार्फत यूएई जान त्रिभुवन विभानस्थल पुगेका यात्रु अलपत्र परेका छन् । उडान हुनुभन्दा केही समय अगाडि मात्रै हिमालय एयरलाइन्सले उडान नहुने सूचना टाँसेको थियो ।

सूचनामा दुबईले उडान रोकेको बताइए पनि यात्रुहरुलाई विस्तृत जानकारी दिइएको थिएन । कोरोना भाइरस संक्रमणका कारण लामो समयदेखि नेपालबाट उडान रोकिए पनि गत हप्ता यूएईस्थित नेपाली दूतावासले नै आइतबारदेखि नेपालका लागि उडान खुला बाँकी पृष्ठ २ मा


**VACANCY ANNOUNCEMENT**

*A reputed manpower recruitment company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-*

1. Documentation - 2
2. Receptionist (Female) - 2

*Should have minimum 3 years experience especially for Saudi Arab documantion.

**Fishtail Overseas Pvt. Ltd.**
Samakhusi -10, Gangabu, Kathmandu
Tel: 01-4386382 | Mob. No: 9851223523, 9811525305
Email: fishtailoverseas2016@gmail.com | www.fishtailjobs.com



## ब्रह्मदेब हत्या प्रकरण :

# एकै घरका तीनसहित पाँच पक्राउ

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २६ साउन

भीमदत्त नगरपालिका ९ ब्रह्मदेबका कमल ओडको हत्या आरोपमा थप तीन जना पक्राउ परेका छन्। भारतीय प्रहरीले ओडलाई करेन्ट लागेको जानकारी गराएपछि उनीहरु पक्राउ गरिएको हो ।

पक्राउ पर्नेमा ईश्वर कार्की डम्बर कार्की, गजेन्द्र कार्की बिजय सिह कार्की छन् । यस अघि ओडका साथी मनोज भट्ट र गणेश आउजी पक्राउ परि सकेका छन्। उनीहरुलाई ओडको शव भेटिएपछि शुक्रबार पक्राउ गरिएको थियो ।

भारतीय जङ्गलमा गत शुक्रबार शव भेटिएपछि शनिबार भारतीय प्रहरीको टोली घट्नास्थल आएको थियो । उनको शव हेरेपछि भारतीय प्रहरीले ओडलाई करेन्ट लागेको बताएका थिए। त्यसका आधारमा कार्कीका दाई भाईलाई पक्राउ गरिएको हो ।

कार्की परिवारको खेतमा छाडेको करेन्ट लागेर मृत्यु भएका ओडलाई भारतीय जङ्गलमा लगेर लुकाएको बाहिर आएपछि उनीहरु पक्राउ गरिएको प्रहरीको भनाई छ । अहिले प्रहरीले उनीहरुलाई हिरासतमा राखेर सोधपुछ गरेको छ । प्रहरी हिरासतमा रहेका भट्ट र आउजीले आफूहरुले साउन २० गते राति १० बजे ओडलाई आफूहरुले घर नजिकको खोलामा छाडेर गएको बताएका थिए। त्यसपछि घर परिवारले ओडको खोजी गर्दा भारतीयि जङ्गलको झाडी सहितको खोल्सोमा लुकाएर राखिएको अवस्थामा शव भेटिएको थियो ।



करेन्ट लागेर मरेपछि जङ्गलमा लुकाएको बाहिर आएपछि ओड हत्या प्रकरण थप रहस्यमय बन्न पुगेको छ। कार्की परिवारसित सम्बन्ध राम्रो भएका ओड परिवार अहिले थप अन्यौलमा परेका छन् ।

'उहाँहरुसित राम्रो सम्बन्ध हो, दुस्मनी केही पनि होइन, मरेको भए पनि हामीलाई बताउनु पर्ने हो, किन त्यस्तो गर्नु भयो' उनका दाई गणेश ओडले भने,'के भाको के हो भन्न सकिने अवस्था छैन ।'

कार्की दाई भाई पक्राउ पर्न अघि सतातिएका भट्ट र आउजी मृतक ओडका नजिकका साथी हुन् । उनीहरु अध्ययन र मजदुरी संगसंगै गर्दै आएका थिए । उनीहरु पनि ओड परिवारका छिमेकी हुन् ।

ओड परिवारका अनुसार भारतीय प्रहरीले भने अनुसार उनको खुट्टामा करेन्ट लागेको देखिएको छ। करेन्ट लागेर मरेको हो वा मारेपछि लगाएको भन्नेमा घर परिवार सशंकित छन् ।

भारतीय प्रहरीले मुचुल्का गरी शव जाँचका लागि लगेको छ । शव जाँच रिपोर्ट आएपछि हत्याको कारण यकिन हुने आश उनको परिवारमा छ। 'पोष्टमाष्टम रिर्पोट आएको छैन, 'उनले भने, 'हेरौं रिर्पोटले के देखाउँछ' उनले भने ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी प्रवक्ता सिद्धराज न्यौपानेले भारतीय भूमिमा शव फेला परेकाले भारतीय पक्षबाटै अनुसन्धान एव अन्य प्रकृया पुरै उतैबाट हुने बताए। 'शवको सबै काम भारतीय प्रहरीबाटै हुन्छ, ' उनले भने, 'हामीले घटनाको अनुसन्धानका लागि सहयोग, समन्वय गछौं ।'

## दार्चुला घटनाको प्रतिवेदन बुझाउन ७ दिन म्याद थप



**दार्चुला डायरी**
**गणेश सिंह धामी/मध्यान्ह**

दार्चुलाका जयसिंह धामीको तुइन चुँडिएर महाकाली नदीमा खसेर बेपत्ता भएको घटनाको छानबिनका लागि गठित छानबिन समितिलाई प्रतिवेदन बुझाउन सात दिन म्याद थप गरिएको छ।

गृहमन्त्रालयले गठन गरेको छानबिन समितिलाई घटनाको प्रतिवेदन तयार पार्ने म्याद थप भएको सहायक प्रमुख जिल्ला अधिकारी जोत्सना भट्ट जोशीले मध्यान्हलाई जानकारी दिइन् । गृहमन्त्रालयले धामी घटनाको अनुसन्धानका लागि सहसचिव जर्नादन गौतमको नेतृत्वमा साउन १७ गते पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो ।

गौतम नेतृत्वको छानबिन समितिको टोली साउन १९ गते दार्चुला सदरमुकाम पुगेर प्रत्यक्षदर्शी, जनप्रतिनिधि, राजनीतिक दल, मानवअधिकारकर्मी तथा पत्रकार हरुसँग घटनाबारे जानकारी लिएको थियो ।

छानबिन टोलि नेपालतर्फ हेलिकप्टरमार्फत ब्यास पुगेको थियो भने भारतको बाटो हुँदै स्थलगत अवलोकन गरेका थिए। गृहमन्त्रालयले १० दिनभित्र घटनाको प्रतिवेदन बुझाउने जिम्मेवारी दिएको भएपनि उक्त समयले नपुग्ने भएपछि म्याद थप गरेको हो । छानबिन समितिको टोली सोमबार दार्चुलाबाट फिर्ता भैसकेको छ ।

छानबिन समितिलाई गृह मन्त्रालयले दिएको १० दिनको म्याद मंगलबार सकिएको छ । गृहमन्त्रालयले १० दिनको म्याद दिएको भएपनि सन्तोषजनक काम भने भएको देखिँदैन ।

साउन १५ गते भारतको बाटो भएर खलंगा आउने क्रममा तुइन तरिरहेकै बेला भारतीय एसएसबीले तुइन काटिदिँदा ब्याँसका स्थानीय जयसिंह धामी महाकाली नदीमा बेपत्ता भएको प्रत्यक्षदर्शीको भनाई छ। तुइनबाट बेपत्ता भएका धामीको शव अझैं फेला परेको छैन ।

महाकाली नदीमा ड्रोनको सहायताले धामीको शव खोजी गर्नका लागि भारतसँग जिल्ला प्रशासन कार्यालय दार्चुलाले अनुमति मागेको छ । तर अहिलेसम्म कुनै जानकारी नआएको जिल्ला प्रहरी प्रमुख मनोहर भट्टले मध्यान्हलाई जानकारी दिए । उनका अनुसार नेपालको महाकाली नदी किनारमा भने ड्रोनको सहायताले शवको खोजी गरिनेछ ।

## प्रमद्वारा विपद् प्रभावित क्षेत्रमा तत्काल बेलीब्रिज जडान गर्न निर्देशन

काठमाडौं/मस-प्रधानमन्त्री शेरबहादुर देउवाले बाढी पहिरो प्रभावितहरुका लागि राहत, उद्धार र खाद्यान्न अभाव हुन नदिन सम्बन्धित निकायलाई निर्देशन दिएका छन्। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को सातौं बैठकमा मंगलबार उनले सिन्धुपाल्चोक, मनाङ लगायतका जिल्लामा बाढी पहिराले बगाएका पुलहरुका स्थानमा बेलीब्रिज तत्काल सञ्चालन गर्न निर्देशन दिएका हुन्। यस्तो पुलहरु सञ्चालन गर्न समय लाग्ने स्थितिमा नेपाली सेनामार्फत मोडयुलर यान्त्रिक पुल निर्माणको व्यवस्था मिलाउनसमेत निर्देशन दिएका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत एवं परिषद्का सदस्यसचिव अनिल पोखरेलले जानकारी दिए । बैठकमा बाढीपहिरो र प्राकृतिक विपद्बाट ठूलो क्षति भएको परिस्थितिको समीक्षा गरिनाका साथै मनसुन बाँकी नै रहेको अवस्थामा तीनै तहका सरकार र सबै सुरक्षा निकायको समन्वयमा राहत, उद्धार र खाद्यान्न वितरणको व्यवस्था मिलाउन प्रधानमन्त्री देउवाले निर्देशन दिएका छन् ।

### ओलीको...

सम्मानपूर्ण अभ्यास गरिएको सम्झाउँदै उनले आफूलाई कम नआँक्न चेतावनी दिएका थिए । त्यो बेला सहकार्य गरेर अघि बढ्ने नीति पनि लिइएको ओलीको भनाइ थियो ।

विगतमा गलत कुरासँग कुनै सम्झौता नगर्दा कतिपयको अपेक्षा पूरा नभएको तथा 'म भ्रष्टाचार गर्दिनँ र अरुलाई पनि भ्रष्टाचार गर्न दिन्नँ' भन्दा कतिलाई धक्का पुगेको र त्यही कारण आफ्नै पार्टीभित्र पनि धक्का पुगेको उनले बताए ।

नेता ओलीले आफू देश र जनताको सेवाको निम्ति जन्मिएको तर प्रधानमन्त्री हुन नजन्मिएको जिकिर गरे । काम गर्दै जाँदा प्रधानमन्त्री भएको र अब पनि जनताको जनमतमार्फत मूल ढोकाबाटै सरकारमा सहभागी हुने उनको भनाइ थियो । आफूमाथि विश्वास गरेर सुम्पिएको जिम्मेवारी खोसिएको र त्यस्तो राजनीतिमा कहिलेकाहीँ हुने पनि उनले बताए।

उनले अदालतको निर्णयमाथि बहस हुँदै जाने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीबाट हट्नुपरेकोमा चिन्ता नभएको बताए । "अदालत जस्तो सबैले विश्वास गर्ने जनताको भरोसाको संस्था असन्तुलित नहोस् भन्नेमा मात्रै मेरो चिन्ता हो, लोकतान्त्रिक प्रणालीका संस्था आ-आफ्नो मर्यादामा बसेर काम गरोस् भन्नेमा मात्रै मलाई चिन्ता छ" उनको चेतावनी थियो ।

उनले अहिले राष्ट्रिय उद्देश्यमा केन्द्रित भएको सरकारको आवश्यकता औंल्याए । अघिल्लो सरकारले धेरै राम्रो काम गरेको तथा छिमेकीसँग सन्तुलित व्यवहार गरिएको र राष्ट्रिय सम्मानलाई झुक्न नदिएको उनको जिकिर थियो । अहिले सत्ता र प्रतिपक्ष संवादहीन अवस्थामा पुगेको उहाँले बताए। कतिपय कामलाई अहिलेको सरकारले नचाहेर पनि निरन्तरता दिएको उनले बताए ।

संयुक्त सरकारको न्यूनतम साझा कार्यक्रमको सन्दर्भमा अध्यक्ष ओलीले संसद् छलेर उक्त कार्यक्रम किन आयो भनी प्रश्न गरे । अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) को बारेमा नेपाली जनताले जान्न चाहेको उल्लेख गर्दै अध्यक्ष ओलीले सोधे, "प्रधानमन्त्रीज्यू एमससिसीको बारेमा के गर्नुहुन्छ ? लिम्पियाधुरा, लिपुलेक, कालापानी वार्ताद्वारा फिर्ता ल्याउँछु भनेर किन भन्न सक्नुभएन ?" अर्थात् ओलीले सरकार र सत्तारुढ गठबन्धनका लागि प्रमुख प्रतिपक्षको सामना गर्न सजिलो नहुने चेतावनीयुक्त सन्देश दिए ।

### जिल्ला...

क्रियाशील सदस्यतालाई विवादरहित ढंगले टुङ्ग्याएर महाधिवेशनमा जानुपर्ने बताए । भेलालाई वरिष्ठ नेता रामचन्द्र पौडेलले सम्बोधन गरेका थिए। संविधानले पाँच वर्ष ६ महिनाभित्र हरेक राजनीतिक दलले केन्द्रीय पदाधिकारीको निर्वाचन सम्पन्न गर्नुपर्ने उल्लेख गरेको भएकाले भदौभित्र महाधिवेशन नभए पार्टी अवैधानिक हुने उनले बताए। पचहत्तर वर्ष लामो इतिहास बोकेको काँग्रेसमा अहिलेसम्म यस्तो परिस्थिति नआएको वरिष्ठ नेता पौडेलले बताए ।

महामन्त्री डा शशांक कोइरालाले जिल्ला सभापतिले दिएको सुझावका आधारमा पार्टीको महाधिवेशन प्रक्रियालाई अगाडि बढाउन पार्टी नेतृत्व लाग्नुपर्ने बताए । पार्टीका पूर्वमहामन्त्री प्रकाशमान सिंहले पार्टीका जिल्ला सभापतिहरूको सुझावअनुसार, क्रियाशील सदस्यता विवाद टुङ्ग्याउन र विधिसम्मत महाधिवेशन गर्न नेतृत्वले पहल गर्नुपर्ने बताए। जिल्ला सभापतिको बैठकमा भेला भएका संस्थापन इतरका नेताहरूले पार्टी सभापतिले भदौभित्रै महाधिवेशन सम्पन्न गर्छु भनेर सार्वजनिक रूपमा नै बोलिसकेकाले महाधिवेशनबारे शङ्का नगरी संस्थापन इतर पक्षबाट साझा नेतृत्व चयनमा लाग्नुपर्ने धारणा राखे ।

**पाल्पा डायरी**
**बिकाश काफ्ले /मध्यान्ह**

## पाल्पामा चितुवाको छालासहित २ जना पक्राउ



प्रदेश प्रहरी अनुसन्धान व्यूरो र हार्थोक प्रहरीको समन्वयमा चितुवाको छालासहित २ जना पक्राउ परेका छन् ।

पाल्पाको रिव्दीकोटका ५ देउराली कुशुमखोलामा चितुवाको छाला कारोवार सम्बन्धी विशेष सुराकीको आधारमा उनीहरुलाई पक्राउ गरिएको प्रहरी प्रबक्ता रामेश्वर त्वातीले मध्यान्हलाई जानकारी दिए । पक्राउ पर्नेहरुमा रिब्दीकोट ७ का ४२ वर्षका विष्णु बहादुर खत्री र सोही स्थानका जमिल मियाँ रहेका छन्। मुझुङ्गबाट तानसेनतर्फ आउँदै गरेको लु ३७ प ४४४ नम्बरको मोटरसाइकलमा सवार उनीहरुलाई प्रदेश अनुसन्धान प्रहरीको समूह र प्रहरी चौकी हार्थोकको टोलीले पक्राउ गरेको हो । उनीहरुलाई बन्यजन्तु चोरी तस्करी सम्बन्धि मुद्दा चलाइने छ। घटनाको विषयमा थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

## सिद्धबाबा दुर्घटना : चार जना घाइते, एक जनाको अवस्था गम्भीर



बुटवल-पाल्पा सडक खण्डमा पर्ने सिद्धबाबा क्षेत्रमा पहिरोका कारण भएको सवारी दुर्घटनामा परी चार जना गम्भीर घाइते भएका छन् ।

मंगलबार तिनाउ गाउँपालिकाको हेडबक्स नजिकै माथिबाट खसेको ढुङ्गाले लागि गाडी दुर्घटना भएको प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । दोभानतर्फबाट बुटवल आउँदै गरेको बा १८ च ७३३६ नम्बरको स्कार्पियो गाडीमाथि ढुंगा खसेपछि गाडी नै तिनाउ खोलामा खसेको प्रहरीले जनाएको छ । ट्राफिक प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक डिल्लीनारायण पाण्डेले गाडी दुर्घटनामा परी चार जना घाइते भएको जानकारी दिए । घाइतेहरूलाई उद्धार गरी लुम्बिनी प्रादेशिक अस्पतालमा ल्याइएको पाण्डेले बताए । दुर्घटनामा परी पाल्पाको तिनाउ गाउँपालिका वडा नम्बर ३ झुम्साका ५४ वर्षीय बाबुराम पाण्डे, २२ वर्षीय विनोद पाण्डे, १८ वर्षीय अमित बस्याल र ४२ वर्षीय गङ्गा दराई घाइते छन्। तीमध्ये बाबुरामको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

### बढ्न...

पाउन नसक्ने अवस्था रहेकाले आफु कोरोनाको त्रासकाबीच काठमाडौंमा आएर राहदानीका लागि आवेदन दिएको बताइन् । छिटो राहदानी बनाउन काठमाडौं नै धाउनु पर्ने बाध्यताको अन्त्य गर्न पनि उनले सरकारसँग आग्रह गरिन् ।

सन् २०१९ को अन्त्यदेखि कोरोना संक्रमण बढेपछि विदेश यात्रामा ठूलो गिरावट आएको भएपनि विकासित मुलुकहरुमा खोप पर्याप्त मात्रामा उपलब्ध भएपछि अन्तर्राष्ट्रिय यात्रा गर्नेहरु बढेसँगै विभागमा पनि नयाँ राहदानी बनाउनेको चाप बढेको विभागका एक कर्मचारीले बताए ।

अघिल्ला वर्षहरुमा ७ लाख बढी राहदानी जारी गर्दै आएको विभागले गत वर्ष करिब साढे तीन लाख मात्र राहदानी जारी गरेको थियो । अघिल्ला वर्ष राहदानी बनाउन नपाएकाहरु यस वर्ष थपिएको कतिपयको भनाइ छ ।

विभागले एक वर्षको अवधिमा ३ लाख ४९ हजार १ सय ७५ थान मेसिन रिडेबल राहदानी (एमआरपी) जारी गरेको बताएको छ । त्यसमा वैदेशिक रोजगारीमा गएको संख्या करिब एक लाख रहेको छ । विभागले हालसम्म ६७ लाख ७९ हजार ४सय ५८ थानभन्दा बढी एमआरपी जारी भएको समेत बताएको छ ।

### यूएई...

भएको सूचना सार्वजनिक गरेको थियो । सोही सूचनालाई आधार बनाई हिमालय एयरलाइन्सले सोमबार राति साढे ११ बजे हुने उडानको टिकट बिक्री गरेको थियो ।

## लोकप्रिय बन्दै दार्चुला कांग्रेसको छाहारी संवाद



नेपाली कांग्रेस दार्चुलाले १३ औं महाधिवेशन र सातौं जिल्ला अधिवेशन नजिकिँदै गर्दा पार्टी कार्यालय खलंगामा हरेक दिन अपरान्ह ४ बजेपछि छाहारी संवाद संचालन गर्ने गरेको छ ।

छहारी संवादको समन्वय जिल्ला सचिव हरक बिष्ट र दार्चुला कांग्रेसका युवा नेता तथा महाधिवेशन प्रतिनिधि उमेश सिंह खत्रीले गर्ने गरेका छन् । छाहारी संवाद कार्यक्रममा कांग्रेसको आउँदै गरेको महाधिवेशन र भावी नेतृत्वको विषयमा व्यापक अन्तरक्रिया हुने गरेको छ । छलफलमा पार्टीलाई कसरी गतिशील तुल्याउने र संगठनलाई कसरी बलियो तुल्याउने भन्ने विषयमा आम नेता कार्यकर्तादेखि जिल्लाका बौद्धिक व्यक्तित्वहरुको सुझावहरु संकलन गर्ने गरिएको सचिव विष्ट र युवा नेता खत्रीले मध्यान्हलाई जानकारी दिए । सातौं जिल्ला अधिवेशन नजिकिँदै गर्दा दार्चुला जिल्लामा आम नेता कार्यकर्ताको चासो अधिवेशनतर्फ केन्द्रीकृत भएको छ ।विद्यार्थी, तरुण, महिला, दलित, जनजाति, आदिवासी सबैलाई क्रियाशिल गर्न पनि छाहारी संवादको महत्वपूर्ण भूमिका हुने दार्चुलाका युवा नेता खत्रीले बताए ।

## हडिया बाबा आश्रममा युवाहरुको अग्रतामा सरसफाई

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २६ साउन



बाँकेको नेपालगन्ज उपमहानगरपालिका-६ फुल्टेक्रामा रहेको चर्चित पर्यटक स्थलको रुपमा चिनिने हडिया बाबा आश्रममा युवाहरुको अग्रतामा सरसफाई गरिएको छ। नवगठित समितिका अध्यक्ष मदनराज शर्मा अनुसार फुल्टेक्राका सक्रिय रहेका एक युवाहरुको समूहले आश्रममा सरसफाई गरेको हो ।

पर्यटकीय स्थल हडियाबाबा आश्रममा नेपालगन्ज उपमहानगरपालिका-६ का वडासदस्य दिपक श्रेष्ठ, महिला सदस्य सावित्री शर्मा अधिकारीले सरसफाई कार्यक्रममा सक्रियता देखाएका थिए ।

'स्थानीय हडियाबाबा आश्रमबाट नै यो सरसफाई कार्यक्रम पहिलो शुरुवात मात्र गरेका छौं । आउने दिनहरुमा हामी युवाहरु वडा नं. ६ भित्र रहेका सम्पूर्ण मठ-मन्दिरहरुमा समेत के-कस्ता कार्यहरु गर्नुपर्ने हुन्छ। तयारी गरिरहेको छौं' अध्यक्ष मदनराज शर्माले बताए ।

सोमबार सरसफाई कार्यक्रममा स्थानीय युवा मात्र सहभागी नभई वडा नं. ६ का वडासदस्यहरु समेत सहभागी भएका थिए । वडा सदस्य दिपक श्रेष्ठले आफैं मन्दिर प्राङ्गणमा भएको झारपात, घाँस आदि सरसफाई गरेका सुरेश शर्मा न्यौपानेले बताए । महिला वडा सदस्य सावित्री शर्मा अधिकारीले समेत बिहानको समयलाई सदुपयोग गरी हडियाबाबा आश्रममा सरसफाईमा सहयोगीको भूमिका निर्वाह गरेकी हितेश भारतीले बताए । आउने दिनमा हडियाबाबाको आश्रममा रहेका सम्पूर्ण रुख, बिरुवालाई रंगरोगन गरिने छ, आश्रमको गेटमा हडियाबाबा आश्रम नामाकरण लेखाईने लगायत कार्यहरु गर्नुपर्ने जानकारी अध्यक्ष मदन शर्माले बताए ।

कार्यक्रममा समाजसेवी माधवराम वर्मा, अनूप शर्मा, अरबिन्द देव, हडिया बाबा आश्रमका पुजारीद्वय सोम गिरी र राम नरेश बाबा लगायत स्थानीयबासीहरुको सहभागिता रहेको थियो ।

# इटहरीमा मेयरको डोजर आतंक

## शहरमा नसकेर गाउँ पसेको स्थानीयको आरोप

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २६ साउन



सुनसरीको इटहरीमा फेरि डोजर आतंक शुरू भएको छ । स्थानीय निर्वाचन जितेर मेयर भएलगत्तै सार्वजनिक जग्गा खोजी अभियान चलाएका मेयर द्वारिकलाल चौधरीले पुनः इटहरीमा डोजर आतंक सिर्जना गरेका छन् । मंगलबार नीजि जग्गामा बनेको भौतिक संरचनामाथि डोजर लगाएर भत्काएपछि सामाजिक सञ्जालमा चौतर्फी विरोध सुरू भएको छ। इटहरीका एक व्यवसायीले रिसोर्ट सञ्चालनका लागि नीजि जग्गामा निर्माण थालेका पर्खाललाई मेयर चौधरीले डोजर लगाएर भत्काएपछि आफैं विवादमा तानिएका छन् ।

बाटोको जमिन मिचेर भौतिक संरचना निर्माण गरेको भन्दै इटहरी उपमहानगरका मेयर द्वारिकलाल चौधरीले मंगलबार इटहरीको खनार छेउमा बन्दै गरेको पर्खालमा डोजर प्रयोग गरेर भत्काइ दिएका हुन् । पर्खालले बाटोको जमिन मिचेको र स्थानीय पुलमा पानीको बहाव थुन्ने काम भएको जनगुनासो आएपछि स्थलगत अनुगमन गरी उक्त पर्खाल भत्काइदिएको मेयर चौधरीको दाबी छ । 'स्थलगत अनुगमन गर्दा सार्वजनिक जग्गा मिचेको पाइयो र तत्काल डोजर बोलाएर पर्खाल भत्काइयो' मेयर चौधरीले भने । नगर प्रहरी, नेपाल प्रहरी र डोजरसहित दलबल बोकेर स्थलगत अनुगमन गर्न पुगेका मेयर चौधरीले बाटोको जमिन मिचेको र उपमहानगरसँग कुनै अनुमति नै नलिई रिसोर्ट सञ्चालनका लागि भौतिक संरचना निर्माण गरेको भन्दै पर्खालमा डोज लगाएका हुन् । उनले खोला, पैनी र बाटोको अधिकार क्षेत्र मिचेर बनाएका संरचनाका कारण पानीको वहाव छेकिएर जनता डुवानमा पर्ने गरेकाले भत्काउने एक्सन शुरु गरिएको बताए । डोजर लगाएर भत्काउने क्रममा केहि समय स्थानीयहरूसँग विवाद पनि भएको थियो । शहरमा खुलेआम सार्वजनिक जग्गा मिचेर महल ठड्याउनेलाई छुन नसकेको तर गाउँ घरमा सानो तिनो विकास हुनै लाग्दा सार्वजनिक जमिन मिचेको भन्दै पर्खाल भत्काएर काम गरे जस्तो देखाउन खोजिएको स्थानीयहरू मेयरकै अगाडी आरोप लगाएका थिए ।

स्थानीयको आक्रोशलाई शान्त पार्न मेयर चौधरीले पुनः आफ्नो अभियान सुरू गरेको बताएका छन् । अगाडी नै भनेर र योजना बनाएर काम गर्दा अदालतबाट स्टेइ अर्डर आइहाल्ने प्रवृति देखिएकोले अब कसैलाई केहि नभनि धमाधम सरकारी जमिन फिर्ता ल्याउने अभियान चलाइने बताए । 'अब कहाँ कतिबेला डोजर चल्छ केहि भन्न सकिन्न' मेयर चौधरीले थपे । आज यहाँ , भोलि त्यहाँ भनेर योजना बनाएर काम गर्न नपाउँदै अदालतले स्टेइ अर्डर ल्याएर हातमा थमाउने प्रवृतिले आफ्नो कार्यकाल त्यतिकै सक्किन लागेको मेयर चौधरीले बताए । उनले अब सरकारी जमिन मिचेर बनेका संरचना हटाउने अभियान इटहरीमा सुरू भइसकेको घोषणा समेत गरेका छन् ।

मेयर चौधरीले डोजर लगाएर भत्काएको पर्खाल सरकारी जमिन नभएर नीजि जमिनमा बनाइएको त्यहाँका स्थानीयहरूले बताएका छन् । यता नीजि जग्गामा बनेको संरचनालाई सोध्दै नसोधि डोजर लगाएर भत्काइनुले इटहरीमा मेयरको दादागिरि शैली देखिएको व्यवसायी किरण कुमार बुढाथोकिले बताए । उनले पर्खाल निर्माणको लागि अनुमति नलिएको स्वीकार गर्दै कानून अनुसार अनुमति लिने तयारी थाल्दा थाल्दै मेयरले एक्कासी डोजर लगाएर पर्खाल भत्काइदिँदा लगानी डुबेको बताए । एक त कोरोना संक्रमणको कारण व्यवसायीहरू हतोत्साहि भइरहेको समयमा इटहरीकै स्थानीय सरकार प्रमुखको व्यवहारले झनैं मर्माहित बनाएको गुनासो पोखे । उनले उक्त जग्गामा निर्माण गरिएको पर्खालले कुनै खोलाको पानीको बहाव नछेकेको र बाटोको जग्गा नछुएको दाबी समेत गरेका छन् ।

# अझै पाएनन् भूकम्प पीडितले राहत, सकिँदै पुनर्निर्माणको म्याद

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, २६ साउन





'भर्खरको सुत्केरी अवस्थाबाट तग्रिँदै थिए । नेवार जातिभित्र सुत्केरी अवस्थामा हेरचाह अलि बढी नै गरिन्छ । उहि हेरचाह मैलेपनि पाउँदैआएकी थिए । अचानक भूकम्प गयो । भूकम्प नगएको भए एउटा जग्गा किन्ने र सानो परिवारलाई खुसी राख्ने सोच थियो ।' भक्तपुरकी रश्मिला अवाल भूकम्पको अनुभव यसरी सुनाउँछिन् ।

उनी भन्छिन्, '०७२ सालको महाभूकम्पले जिन्दगी तहसनहस भयो । छोरी सोनियाँ ३ घण्टामा र छोरा सोनिस अवाल २२ घण्टामा सेनाले उद्धार गरिदिए ।' निन्याउरो अनुहार लगाउँदै रश्मिला भन्छिन्, 'त्यतिखेर त्यसरी उद्धार नभएको भए म पनि यतिखेरसम्म रहन्न थिए होला ?, हाम्रो परिवार को त झन् के कुरा ।' भूकम्प पश्चात रश्मिलाका छोरा सोनिसलाई नेपाली सेनाको रक्षा मन्त्रालय अन्तर्गत 'प्रधान सेनापति प्राकृतिक प्रकोप राहत कोष' अन्तर्गत वार्षिक पचास हजार रुपैयाँ दिई एभरेष्ट स्कुल भक्तपुरमा निःशुल्क अध्ययन गराइरहेका छन् भने छोरीलाई नजिकैको बोर्डिङ स्कुलमा केहि सहयोगी संस्थाहरुले पढाउन सहयोग गरिरहेका छन् ।

सयौँ वर्ष एउटै थातथलोमा ससुरा मकैकाजी अवाल बस्दै आएको भक्तपुर नगरपालिका १० कमलविनायक, मुल्ढोका स्थित सानो घर ०-०-१-१ (एक पैसा एक दाममा बनेको) मा ससुरा बिते पश्चात पति श्याम अवाल लगायत तीन दाजुभाइ बस्दै आएको घर भूकम्पले भत्कियो, सँगै मनपनि । तर जग्गाधनी पुर्जा थिएन घरको, थियो त केबल कपाल सेतैफुलेका बाजे काकाहरुको स-प्रमाण तर पत्याएनन् शासकहले ।

धनी पुर्जा नभएकै कारण नगरपालिका र वडाबाट एक मुट्ठी चामल राहतको नाममा नपाएको गुनासो गर्छिन् उनी । 'धनीपुर्जा विहीन नागरिक भएर ज्यून जतिको कष्ट अरुकेहि नहुँदोरहेछ। ऋण गरेर भएपनि एउटा सानो टहरा बनाएर बस्छौँ भन्दा पनि नगरपालिकाले प्रमाण नपुगेको भन्दै रोक्यो पटक पटक कागजात फिर्ता गरिदिए' उनी गुनासो गर्छिन् ।

उनी थप्छिन्, 'हामिले नै चुनेर पठाएका नागरिकले जनप्रतिनिधि भएपछि हामीलाई नै नचिन्नु नागरिक अधिकारको हनन् हो, यो अवस्था जतिको दुर्भाग्य अरु के हुनसक्छ र ?, हामी उसै त सुकुम्बासी भयौं, झन् नगरपालिकाको व्यवहारले छियाछिया भयौं ।' भक्तपुर नगरकोट सडकखण्डको मापदण्डमा परेको सो जग्गा मापदण्ड छोड्दा ३ फिट बाँकि रहन्छ । सकेसम्म वडा अथवा नगरपालिकाले कतै सार्वजनिक स्थानमा स्थानान्तरण गरिदिए हुन्थ्यो भन्छन् उनका श्रीमान श्याम ।

तर स्थानीय सरकारको नाममात्र भयो काम केहि भएन । अहिले जबरजस्ती उहि थलोमा टहरा हाल्दैछन् उनी । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको नियममा पनि अलिकति हेरफेर भएकोले प्राधिकरणबाट पाउने भवन निर्माण सम्बन्धि सहुलियत रकम पाइन्छ कि भन्ने आस रहेको उनी बताउँछन् ।

'यहि रकम पाउनको निम्ती भूकम्प पश्चात आज सम्मको समयमा सयौं पटक वडा र नगरपालिका धाइसके तर अझै निश्चित छैन' उनी भन्छन्'विदेशी नागरिकले त सुकुम्बासी भएर ढुक्कले बस्न पाइन्छ भने हामी त झन् यहिका स्थानीय ।' पेसाले उनी ड्राईभर हुन् तर जिन्दगीको ड्राईभर जस्तो सकस अरु केहि नहुँदोरहेछ । उनी भन्छन्, 'घर व्यवहार हेर्नै पर्‍यो । नातागोतामा व्यवहार चलाउनै पर्‍यो । हामी नेवारहरुको जात्रामात्रा, भोजभतेर आदिले गर्दा कमाई भन्दा खर्च ज्यादा हुन्छ । त्यसैले एकपैसा बचाउन सकेको छैन। उल्टो ऋणमा छौं ।' जिल्ला आयोजना भक्तपुरका सूचना विज्ञ भोजराज भट्ट भन्छन्, 'भूकम्प पश्चात यत्रो वर्ष काम गरे। तर बिर्सनै नसक्ने घटना यहि हो । जो वास्तविक पीडित हुन् । उनले अझैंसम्म राहत पाएका छैनन् यो घटनाले हामीलाईपनि छुन्छ ।'

यो घटनाको पाटन उच्चअदालतमा पुनराबेदन भएको छ, पक्कै पनि पीडितको नाममा सुनुवाई हुनेछ ।

उसो त जिल्ला आयोजनाको रेकर्डमा थुप्रै त्यस्ता लाभग्राही छन्। जो वैकल्पिक रुपमा घर छन्। भट्टका अनुसार त्यस्ता लाभग्राहीको रकम फिर्ता हुनुपर्छ। यदि नभएमा स्थानीय तहले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**सम्भव होला त राहत रकम फिर्ता ?**

भट्टका अनुसार लाभग्राही रकम फिर्ता गर्ने कार्यविधि त बनेको छ। तर राजनीतिक र सामाजिक विविध कुराहरुले प्रभाव पारेपनि स्थानीय तहहरुसँग समन्वय गरी ढिलो चाँडो असुलउ पर गर्न सकिन्छ। त्यसको लागी केहि समय लाग्नसक्छ तर लाभग्राही रकम लिइसकेका एकल महिला, अशक्त, अपाङ्गहरुका हकमा भने यसै भन्न सकिने अवस्था छैन।

**वास्तविक पीडितले अझै पाएनन् राहत**

रश्मिला भन्छिन् 'जतिनै प्रयास गर्दा पनि जग्गा धनिपुर्जा नभएकाले भूकम्प पीडित लाभग्राही भित्र नपरेपछि परिचयपत्र बनाइदिएनन् ।' स्थानीय तहले, सरकारले भूकम्प पीडितको नाममा दिएको पहिलो पटक १५ हजार, दोस्रो न्यानो कपडाको लागी १० हजार, र अन्य आएका सेवा सुविधाबाट पनि बन्चित हुनुपरेको उनी बताउँछिन् ।

'सयौं पटक वडा नगरपालिका धाए धनिपुर्जा मात्र खोज्छन्' उनी भन्छिन्, 'यदि धनीपुर्जा भैदिएको भए त सजिलै पाइन्थ्योनी तर अवास्तविक पीडितले पैसा लिए घर बनाएनन् । हामी जस्तो पीडितले अझैं पाएका छैनौं ।'

**भक्तपुरमा ५० प्रतिशत पुनर्निर्माण हुन बाँकी**

भक्तपुर जिल्ला भित्रका चाँगुनारायण, सुर्यविनायक, मध्यपुर ठिमी र भक्तपुर गरी ४ वटा नगरपालिका अन्तरगत भूकम्पिय आवास ५० प्रतिशत मात्र पुनर्निर्माण भएको छ । बाहिरी जिल्ला भन्दा उपत्यकामा भित्र पुनर्निर्माणको गति सुस्त हुनुको मुख्यकारण वैकल्पिक बास र दाजुभाईको संगोलको घरनै हो ।

लाभान्वित भएर पहिलो किस्ता लिने लाभग्राही धेरै छन् तर वैकल्पिक बास हुनेले घर बनाएका छैनन् भने दाजुभाईको जग्गा विवादले पनि बनेका छैनन्। कसैका अशक्त परिवार छन् जसका आफ्ना आफन्त छैनन्, कोहि एकल महिला छन्। कसैले निर्माण सम्झौता गरी विविध कारणहरुले यतिकै छोडेका पनि छन् ।

फिर्ता गर्दै लाभग्राहीहरुले रकम

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण भक्तपुरको रेकर्डमा ११ जना पहिलो किस्ता लिएर घर नबनाएका, ६ जना दोहारो पहिलो किस्ता लिएका, ३ जना दोहोरो दोस्रो किस्ता लिएका र २ जना दोहोरो तेस्रो किस्ता लिएका लाभग्राहीहरुले रकम फिर्ता गरेका छन् ।

**म्याद सकिँदै पुनर्निर्माण**

पुनर्निर्माणको म्याद यहि कार्तिक मसान्तसम्म रहेको छ । यो समयसिमा भित्र लाभग्राहीहरुले तेस्रो किस्ताको रकम सम्झौता गरिसक्नुपर्नेछ । सो समयभित्र सम्झौता नभएमा लाभग्राहीको रकम राजश्व खातामा जानेछ ।

# उपत्यकामा 'नो हर्न' अभियानलाई प्रभावकारी बनाइँदै

**काठमाडौं/मस-** उपत्यकामा 'नो हर्न' अभियानलाई थप प्रभावकारी बनाइने भएको छ । महानगरीय ट्राफिक प्रहरी महाशाखाले 'नो हर्न' अभियान प्रभावकारी बनाउन आज मंगलबारदेखि स्टिकर टाँस्न थालेको छ। उपत्यकामा २०७४ वैशाख १ गतेदेखि हर्न निषेधित क्षेत्र घोषणा गरेको थियो । त्यसपछि हर्नको प्रयोगमा कमी आउनुको साथै सुरुआती दिनमा यसको कार्यान्वयन प्रभावकारी भएको थियो । यद्यपि कोभिड-१९ का कारण पछिल्ला दिनमा क्रमशः हर्नको प्रयोगमा वृद्धि हुँदै गएकाले प्रहरीले पुन अभियान सुरु गरेको हो । महाशाखाले उक्त स्टीकर चालकले देख्ने गरी अगाडिको सिसामा टाँस गरिएको छ ।

महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराइले उक्त अभियानलाई प्रभावकारी बनाउन मंगलबार उपत्यकाको ३८ ट्राफिक कार्यालयले एकैसाथ ५० हजार नो हर्न स्टीकर टाँस गरी अभियान सुरु गरेको जानकारी दिए । उनले केही समययता अनावश्यक हर्नको प्रयोगमा क्रमश वृद्धि भइरहेको महसुस गरी थप कडाइ गर्न थालिएको बताए । उनले अति आवश्यक नपरी हर्नको प्रयोग नगर्न पनि अनुरोध गरेका छन्। यसरी प्रयोग गरेको पाइएमा कारबाहीको दायरामा ल्याइने जनाइएको छ । अनावश्यकरूपमा हर्न बजाउँदा ध्वनि प्रदूषण हुनेछ।



**तपाईंको मास्क खै ? अभियान सहित ट्राफिक प्रहरी सडकमा**

उपत्यकामा बढ्दो कोरोना भाईरस संक्रमण रोकथाम तथा नियन्त्रणको लागी अनिवार्य स्वास्थ्य मापदण्डको पालना गर्न र घर बाहिर निस्कँदा अनिवार्य मास्कको प्रयोग गर्न ट्राफिक प्रहरीले 'तपाईको मास्क खै?' लेखिएको रिबन को प्रयोग गरी सचेतना शुरु गरेको छ ।

ट्राफिक प्रहरी महाशाखाका एसएसपी जनक भट्टराईले उक्त रिबन न्युरोड गेटमा खटिएका ट्राफिक प्रहरीहरुलाई लगाइ दिएर कार्यक्रमको शुभारम्भ गर्नु भएको हो । उपत्यकाको ४४ ट्राफिक कार्यालयका ९०० जना ट्राफिक प्रहरीहरुलाई मंगलबारबाट ड्उटीको समयमा अनिबार्य उक्त रिबन प्रयोगमा ल्याउन शुरु गरेको महाशाखाले जनाएको छ ।

कार्यक्रममा बोल्दै एसएसपी भट्टराईले यस अभियानले सम्पुर्ण सडक प्रयोगकर्ता आम सर्वसाधरणलाई मास्कको अनिबार्य प्रयोग गर्नुपर्छ भन्ने कुरालाई स्मरण गराउने र मास्कको प्रयोग नगरेकाहरुलाई लगाउन प्रेरित समेत गर्ने बताए ।

यसअघि अनिवार्य मास्कको प्रयोग गर्न/गराउन ट्राफिक प्रहरीले प्ले कार्ड प्रदर्शन, सार्वजनिक स्थानमा मास्क वितरण, सार्वजनिक यातायातमा अनिवार्य मास्कको प्रयोग गर्न सचेतना जगाउने, सामाजिक दुरी कायम गर्न र सिट क्षमता भन्दा बढी यात्रु नचढाउन सचेत गर्ने लगायतका कार्यक्रम गर्दै आएको समेत जानकारी दिए ।

# वितरणका लागि ल्याइएको चामल गोदामै कुहियो

**दैलेख/मस-** दैलेखको नौमूले गाउँपालिकाका जनतालाई वितरणका लागि खरिद गरिएको चामल दुई वर्ष गोदाममै थन्कियो।

असिनापीडितका लागि गाउँपालिकाले खाद्य डिपोबाट खरिद गरेर सस्तोमा वितरण गर्न ल्याएकामा लामो समयपछि कुहिएकाले स्थानीय प्रशासन र प्रहरीको रोहवरमा १५५ बोरा चामल गाडिएको हो। असिना परेर मकै र धानबाली नष्ट भएपछि स्थानीयवासीलाई भोकमरीको चपेटामा पर्न नदिन पाँच ट्रकभन्दा बढी चामल खरिद गरिएकामा केही वडा-वडामा वितरण गरिएको थियो ।



गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भूपेन्द्र शाहीका अनुसार आफूले कार्यालय प्रमुखको जिम्मेवारी पाउनुभन्दा करिब दुई वर्षअघिको विषय भएको र बिग्रिएको चामललाई मुचुल्का उठाएर विर्सजन गरिएको छ। गाउँमा निरन्तरको कोभिडको समस्याले धेरै समय गोदाममै रहेपछि चामल बिग्रिएको उनको भनाइ छ ।

जनताले तिरेको करबाट खरिद गरिएको चामल गरिब र निमुखा जनतालाई समयमै वितरण गर्नुपर्नेमा पालिकाकै कमजोरीका कारण कुहिएकाले आक्रोशित जनसमूहले सम्बन्धित पदाधिकारीलाई कारबाही गर्नुपर्ने माग गरेको स्थानीयवासी छेत्रप्रताप सुवेदीले बताए ।

# अष्ट्रेलिया नेपाली समाजद्वारा बाढी प्रभावितलाई सहयोग



**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, २६ साउन

अष्ट्रेलियाको ब्रिसवेनवासी नेपाली समाज र युनाइटेड गोर्खा भलिबल क्लबद्वारा संकलित रकम मेलम्ची-इन्द्रावती बाढी प्रभावितहरुलाई सहयोग गरिएको छ। अष्ट्रेलिया निवासी जयबिक्रम सिलवालको सहकार्यमा संकलित नेपाली रुपैयाँ ३ लाख १४ हजार १ सय रकम हस्तान्तरण गरिएको हो।

मंगलबार मेलम्चीमा कार्यक्रम गरी समाजसेवी गणेशबिक्रम सिलवाल र किरणदीप खड्काले प्रभावितहरुलाई संकलित रकम हस्तान्तरण गरेका हुन् । संकलित रकमबाट मेलम्ची बजार पुनर्निर्माण तथा सरोकार समितिलाई रु.१ लाख, पाँचपोखरी थाङपाल गाउँपालिकालाई रु.५० हजार, चनौटे युवा क्लबलाई रु. ३० हजार, नेपाली कांग्रेस निर्वाचन क्षेत्र नं २ लाई रु.३० हजार, हेलम्बु गाउँपालिकालाई ५० हजार, तेर्से माविलाई ४० हजार र रेडियो मेलम्चीलाई १४ हजार १ सय प्रदान गरिएको छ । त्यसैगरी फ्रान्समा बस्ने नीराजन खड्का, क्यानडाका प्रतिज्ञा कार्की, उदयपुरका सन्तोष दाहाल, सविता खड्का, लोकेन्द्र तामाङ र राष्ट्रिय मावि, उदयपुर, गाईघाट २०६२ ब्याचबाट संकलित रकम पनि प्रदान गरिएको छ। सो रकमबाट अन्य प्रभावितलाई २६ हजार र मेलम्ची बजार पुनर्निर्माण तथा सरोकार समितिलाई १५ हजार हस्तान्तरण गरिएको हो ।कार्यक्रममा बाढी प्रभावितहरुको तर्फबाट सागरकुमार श्रेष्ठले सहयोगी दाताहरुलाई धन्यवाद ज्ञापन गर्दै सहयोग रकमले मेलम्ची बजारको संरक्षणमा थप टेवा पुग्ने विश्वास व्यक्त गरे ।


## OMAN मा रोजगारको अवसर | १. कम्पनी: SAFEER MUSCAT TRADING शहर: MUSCAT

पूर्व स्वीकृत मितिः २०७८/०३/११ चलानी नं.: ६०१५९२२८ LT. No.: 240986 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Public Building | 100 | 0 | स. काममा दक्ष | 100 | ३०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २ गते (18 Aug. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

WWM वर्ल्डवेज मेनपावर इंक प्रा. लि.
कोटेश्वर-३५, काठमाडौं, नेपाल, फोन नं. ४६०२३८६, ४६०१८६५
मोबाईल नं.: ९८०१०६२९८०, ९८५१०६९६८०
श्रम इजाजत नं. ६१७/०६३/०६४
Email.:info@worldwaysmanpower.com.np | Web Site : worldwaysmanpower.com.np



## कतारमा रोजगारको अवसर | कम्पनी: SOUQ AL BALADI TRADING शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०४ /२६ चलानी नं.: ६०१६१३३० LT. No.:243528

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५५,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesman | 15 | 0 | | 1500 | ४८,८२५ | | | | | | | |
| 3. | Cashier | 5 | 0 | | 1500 | ४८,८२५ | | | | | | | |

कतार मुलुकको दोहा शहरमा अवस्थित बहुप्रतिष्ठित कम्पनीको लागि Florist (फूल सम्बन्धी ज्ञान भएको) Cleaning Supervisor, Grocery Purchaser, Helper (अरबिक बोल्न सक्नेहरूको लागि) माग भई आएकोले निःशुल्क परामर्शको लागि हामीलाई सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ भदौ २ गते (18 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Paragon H.R. Management Pvt. Ltd.
Govt.Lic.No. 1519/074/075
Tokha-5, Basundhara, Kathmandu, Mob.:9808766110,9808531000, Tel:4381027,
E-mail : info@paragohrmanagement.com, Web.: paragohrmanagement.com

## सम्पादकीय

# अयोग्यता प्रमाणपत्र

सत्ताको नेतृत्व गरिरहेको दल नेपाली काँग्रेस पार्टी वैधानिकता जोगाउने अनेक विकल्प खोजिरहेको छ । निर्धारित समयमा महाधिवेशन हुन नसक्ने निष्कर्षका साथ नेताहरू वैधानिकता कसरी जोगाउने भन्ने विकल्प खोजिरहेका छन् । निर्वाचन आयोगका प्रमुख आयुक्तसँग समेत काँग्रेसका नेताहरूले परामर्श लिइरहेका छन् । किनकि यसबेला सरकारको नेतृत्व गरिरहेको काँग्रेसकै वैधानिकतामाथि प्रश्न उठ्ने संभावना नजिकिदैछ । काँग्रेसको विधानमा चार वर्षभित्र महाधिवेशन हुनुपर्ने व्यवस्था छ । तर चार वर्षभित्र काँग्रेसमा विभाग गठन समेत हुन सकेन । जबकी विभागहरू दुई महिनाभित्रै गठन भइसक्नुपर्ने पार्टी विधानको व्यवस्था छ । आन्तरिक समस्याका कारण विभाग गठनमा ढिलाइ भएको प्रष्टोक्ति दिएको काँग्रेस नेतृत्वले डेढ वर्ष ढिलाइ भइसक्दा पनि महाधिवेशन गर्न सकेको छैन ।

संविधानले पाँच वर्षभित्र पार्टीको महाधिवेशन हुनुपर्ने र विशेष अवस्था आएमा ६ महिनासम्म लम्बिन सक्ने व्यवस्था गरेको छ । आगामी २३ भदौमा काँग्रेसको महाधिवेशन भएको साढे पाँच वर्ष पुग्छ । तर क्रियाशील सदस्यता वितरण समस्या हल हुन नसक्दा भदौमा महाधिवेशन हुने संभावना लगभग टरेको छ । तर पनि निर्धारित मितिमै महाधिवेशन हुनुपर्ने दबाव बढ्दो छ । सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले पनि क्रियाशील सदस्यता वितरण टुंग्याउन सकेका छैनन् । बरू निर्धारित मितिमा महाधिवेशन गर्न कठिन हुँदै भएको निष्कर्षमा भने सवैजसो नेताहरू देखिन्छन् । आइतबार मात्रै नेता पौडेलले सभापति देउवालाई आरोप लगाउँदै महाधिवेशन भदौमा हुन कठिन परेको संकेत गरेका थिए ।

त्यसैले काँग्रेसभित्र वैधानिकता जोगाउने विकल्पको खोजी भइरहेको छ । तेह्रो महाधिवेशनकै प्रतिनिधिहरूको भेलाले अहिलेको नेतृत्वलाई केही समय कायम राख्नेगरी विशेष महाधिवेशन गर्ने, स्थानीय तहको चुनाव उद्घाटन गरेर केही महिना लम्ब्याउने अथवा कोरोना संकटका कारण चार महिना शून्य समय मानिएकाले त्यही तर्कका आधारमा काँग्रेसको वैधानिकता जोगाउने जस्ता विकल्पमाथि छलफल भइरहेको छ । अर्थात् काँग्रेस नेतृत्वको अहिले एउटै ध्यान छ– कसरी पार्टी वैधानिकता जोगाउने ? यस्तो अवस्थामा काँग्रेस कसरी यस्तो अवस्थामा आइपुग्यो भन्नेबारे छलफल नहुनु स्वभाविक छ । तर काँग्रेस नेतृत्व र शीर्ष नेताहरूको अयोग्यता भने यसैबाट पुष्टि हुन्छ । काँग्रेस अहिले जुन संकटबाट गुज्रिरहेको छ, यसले एउटा पुरानो लोकतान्त्रिक पार्टीका नेताहरूको अयोग्यताको प्रमाणपत्र समेत सार्वजनिक गरिरहेको छ । जसले सिंगो मुलुकको लोकतान्त्रिक अभ्यासमा असर पार्ने देखिन्छ ।

## सामाजिक सञ्जाल



'सबको औषधी दैवले रचिदियो बिर्सेछ कि मूर्खको !' भर्खरै आफ्नै कुकर्मले सत्ताच्यूत भएका ओलीको संसदमा कुरा सुन्दा र हाउभाउ हेर्दा स्कूलमा पढेको कवितांशको याद आयो ! पटक–पटक संविधानको उल्लंघन, संसदको हत्या, अध्यादेशको राज, भ्रष्टाचारको पहाडबारे न कुनै क्षमायाचना । उल्टै जो चोर उसको ठुलो स्वर

**- डा. बाबुराम भट्टराई**



असाधारण जनमतका साथ मूलगेटबाट फेरि भित्रिने पूर्वप्रम ओलीजीको गजप आशावादिता, काकताली नै होला । लगत्तै अर्थमन्त्री शर्माले 'स्वेत–पत्र' पढे । संविधानले मूलगेटबाट छिर्न बन्देज गरेको छैन । ओलीलाई पनि गर्दैन । तर आफुँ त्यस लायक रहेँ–रहिन भन्ने ऐना हेर्ने अवसर स्वेतपत्रमा छ । आधा घण्टैमा अउकात थाहा हुन्छ ।

**- हरि रोका**



अझै मुलुकलाई कतिञ्जेल र किन अनिर्णयको बन्दी बनाउने ? जनताको सर्वोच्चतालाई कुठाराघात गर्दै संसद ब्यूँताउने नाटकमा राज्यको हत्या गर्न लाईसेन्स दिने सम्माननीय राणा र देउवा डोऱ्याउने भष्मासुर र कुलङ्गार कसले जवाफ दिन्छ ? यो लाञ्छित बिरोध हैन स्वाधिन ठण्डा दिमागले सोंचौ देश कता जादैछ ?

**- गोविन्दकुमार थापा**



सरकारले अलिकति हालेर भकाभक नेपालका प्रमुख सहर जोड्ने रेल मार्ग बनाउन किन रोकिनु पर्यो ? रोकिनु पर्ने कारण के छ ? रेल मार्ग सबै हिसाबले उत्तम हुने भए पछि बनाउन केले छेक्छ ? पैसा भनेको एकै चोटि चाहिने होईन त्यहि जनताको पैसा घुमाई–घुमाई बनाउने हो हरेक बर्ष उठाउँदै बनाउदै जाने हो ।

**- पदम चालिसे**




ओलीले गठबन्धन सरकारप्रति संसदमा रिस पोखेछन् । आफ्नै पार्टीका माधव–खनाल समूहप्रति बिहान–साँझ मन्त्री बनाई दिन दौडेको र यस्तो हत्ते हाल्नेलाई मन्त्रीबनाई दिनुस् दुई चारजना गए कोहि बात छैन सम्म भनेछन् । साँचो भन्ने हो भने ओली एजेन्डामा कम तर इखमा बढी केन्द्रीत हुन्छन् । इख मात्र राख्नेलाई झगडिया भनिन्छ ।

**- नवराज सुवेदी**

# एमसीसी सम्झौता र नेपालको राष्ट्रियता

**यदि सम्झौतालाई संसदबाट पास गरियो भने भोलि चाहेर पनि खारेज गर्न नसक्ने, सम्झौता नेपालको संविधान र कानुनभन्दा माथि, आधिकारिक, औपचारिक र शक्तिशाली बन्ने हुन जान्छ । यो कुरा त झन् सर्वाधिक आत्मघाती नै हुनेछ । फेरि, यस्तैखाले अरु देशहरुसँग लिइने अनुदान सम्झौताहरुलाई पनि संसदबाट पारित गर्ने नजीरसमेत बस्नेछ । त्यो अवस्थामा अरुसँगको यस्तै सम्झौता पास नगर्ने हो भने हाम्रो एकपक्षीय परराष्ट्र नीति हुनजान्छ अर्थात् स्वतन्त्र, असंलग्न र पञ्चशीलको सिद्धान्तमा आधारित हाम्रो सुविचारित रणनीतिका विरुद्ध नै हुन्छ ।**




● नारायण शर्मा

नेपालले इष्ट इण्डिया कम्पनी जस्तै एक अमेरिकी सरकारी व्यापारिक कम्पनी मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)सँग गरेको सम्झौता अहिले बहसमा छ । सम्झौतामाइस्ट इण्डिया कम्पनीले भारतमा प्रवेश गरेर गरेजस्तै नेपालको प्राकृतिक स्रोत, साधन र सम्पदा (जल, जङ्गल, जडीबुटी, खनिज, युरेनियम आदि)को शोषण-दोहन गर्ने र परियोजना कार्यान्वयनका क्रममा परियोजना क्षेत्रभित्र उत्खनन गर्दा प्राप्त वस्तुहरु र तिनको पेटेण्ट राइटसमेतमा अमेरिकाले एकलौटी कब्जा जमाउने कुरा उल्लेख छ । उसले गर्ने यसप्रकारको लूटखसोटले हाम्रो विकास होला कि विनास प्रश्न गम्भीर छ ?

१३ करोड डलर आर्थिक लगानीसहित थुप्रो जमिन पनि नेपालले लगानी गर्नुपर्ने तर प्राप्त सम्पत्तिमाथि भने अमेरिकाको मात्र हक हुने जुन प्रावधान छ, यसले नेपालको समृद्धी गर्ला कि अमेरिकाको ? यतिमात्र होइन, एमसीसी त हाम्रो राष्ट्रियता, राष्ट्रिय स्वाभिमान, स्वाधीनता, सार्वभौमिकता र अस्तित्वका विरुद्धसमेत रहेको देखिन्छ । जसरी इष्ट इन्डिया कम्पनीले व्यापार गर्ने नाममा भारतमा प्रवेश गरेर भारतको स्रोत साधनको शोषण मात्र गरेको थिएन, कैयौं बर्षसम्म शासनसमेत गरेको थियो, ठिक त्यसरी नै अमेरिकी सैन्य गठबन्धन आईपिएस नै एमसीसीमार्फत नेपाल प्रवेश गरेपछि के होला ?

यसरी यो सम्झौता नेपालको स्वतन्त्र अस्तित्व, असंलग्न परराष्ट्रनीति र नेपालको संविधान र कानुनभन्दा माथि र बर्खिलापसमेत छ । साथै घोषित रुपमै हाम्रो घनिष्ट छिमेकी सच्चा मित्रराष्ट्र चीन र उसको अन्तर्राष्ट्रिय विकास र समृद्धिको गुरुयोजना बेल्ट एण्ड रोड इनिटेटिभ (बिआरआई) विरुद्धसमेत

> एमसीसी सम्झौतालाई संशोधन, परिमार्जन, अमेरिकी प्रतिबद्धता र स्पष्टीकरण वा महाकाली सन्धिमा जस्तै संकल्प प्रस्ताव पारित आदि गरेर स्वीकार्ने भन्ने हुनै सक्दैन । संशोधनले यसको सार, नियत, रणनीति आदिलाई बदल्न सकिँदैन र बदलिँदैन पनि । त्यसैले यसलाई श्रीलंकाले जस्तै खारेज वा फिर्ता अथवा अस्वीकार गर्नु नै नेपालको लागि एकमात्र सही, राष्ट्रवादी र विकासवादी कदम हुनेछ ।




> उदीयमान आर्थिक र सामरिक प्रतिस्पर्धी शक्तिकेन्द्र चीन, रुस, उत्तर कोरिया र इरानलगायतका मुलुकहरुलाई दुश्मन राष्ट्र घोषित गरेर तिनलाई 'साइज'मा ल्याउने रणनीतिक उद्देश्य बोकेर अमेरिकाले हिन्द-प्रशान्त क्षेत्रको रणनीति इण्डो प्यासिफिक स्ट्राटेजी (आइपिएस) ल्याएको हो । त्यसको आर्थिक, सामाजिक आदि पृष्ठभूमि र पूर्वाधार तयार पार्नको लागि खडागरिएको आइपिएसको एक अभिन्न अङ्ग मिलेनियम च्यालेन्ज कर्पोरेशन हो । यस्तो संस्थाबाट व्यापारिक अनुदान लिने, सहकार्य गर्ने वा संयुक्त लगानी गर्ने आदिजस्ता कुनै पनि उद्देश्य र कार्यक्रममा हामी संलग्न हुनुहुँदैन ।

परिलक्षित रहेको तथ्यगत रुपमै प्रमाणित हुन आएको छ । यसरी नेपालले एमसीसी सम्झौतालाई स्वीकार्नु भनेको बिआरआईसँगको सम्झौता र त्यसमार्फत नेपालमा हुने विकास र समृद्धिलाई दुत्कार्नु पनि हो । यो कुरा नेपालको विकास र समृद्धिको लागि आत्मघाती नै हो । तै पनि एमसीसी सम्झौतामा भनिएको बिजुलीको प्रसारण लाइन र बाटो विस्तारका कुराले यो विकासे आयोजना हो भन्ने केही भ्रम सर्वसाधारणलाई हुनसक्छ जुन स्वाभाविकै होला । तर, विडम्बना छ कि धेरै ठूलो र गाढा भ्रम सत्ता र भत्ताको लोभलालचमा लोभिएका शक्तिशाली राजनीतिक नेता/शासकहरु र पश्चिमा स्कुलिङमा भँडुवा विकासवादी सिद्धान्त पढेर आएका तर, आफ्नो बुद्धि विवेक उतैतिर बेचिसकेका बोक्रे, भाट र भरौटे भैसकेका लोभी, लाछी र लाचार बुद्धिजीवीहरुमा रहेको छ । यो कुरा धेरै नै गम्भीर र दुःखद कुरा पनि हो ।

त्यसैले प्रथमतः एमसीसी सम्झौतालाई नेपालको संसदबाट पारित नगरेरै स्वीकार्नु र लागू गर्नु मात्रै पनि गम्भीर राष्ट्रघात हुन्छ । यसले देशमा उदारीकरण, दलालीकरण, औपनिवेशीकरण र अशान्तिकरण हुन्छ भने संशोधनसम्म पनि नगरेर यसमा भएका विभिन्न राष्ट्रघाती प्रावधानहरु सहित संसदबाटै हुबहु पास गरे त झन् देश एकातिर अमेरिकी नेतृत्वको इन्डो प्यासिफिक फोर्सको अङ्ग भै अन्ततः सो वैदेशिक फोर्सको अखाडास्थल र रणस्थल बन्ने चरम खतरा रहन्छ । अर्कातिर नेपालभित्रै अमेरिकाका संघीय र प्रान्तीय सरकारका वर्तमान र भविष्यका समेत कानुनहरु लागू हुने हुँदा देशको पूर्ण औपनिवेशीकरण हुने सुनिश्चित छ । यदि सम्झौतालाई संसदबाट पास गरेर त नेपालको सरकारले भोलि चाहेर पनि खारेज गर्न नसक्ने गरी नेपाल, नेपालको सरकार, संविधान र कानुनभन्दा माथि, आधिकारिक, औपचारिक र शक्तिशाली बनाउने हुनजान्छ । यो कुरा त झन् सर्वाधिक आत्मघाती नै हुनेछ । फेरि, यस्तैखाले अरु देशहरुसँग लिइने अनुदान सम्झौताहरुलाई पनि संसदबाट पारित गर्ने नजीरसमेत बस्छ । त्यो अवस्थामा अरुसँगको यस्तै सम्झौता पास नगर्ने हो भने हाम्रो एकपक्षीय परराष्ट्र नीति हुनजान्छ अर्थात् स्वतन्त्र, असंलग्न र पञ्चशीलको सिद्धान्तमा आधारित हाम्रो सुविचारित रणनीतिका विरुद्ध नै हुन्छ । यदि असंलग्नताका नाममा सबैसँग यस्तै सम्झौता गरियो भने नेपाल अन्ततः सबै अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरुको खेलमैदान र लुटमैदान बन्छ । उक्त खेलमा जित्ने र नेपालमा लुट मच्चाउने क्रममा नेपाल शक्तिराष्ट्रहरुको युद्ध मैदान बन्न जाने पनि निश्चित छ । यसको निम्ति बलियो आधारको रुपमा हाम्रा घनिष्ठ छिमेकी राष्ट्र भारत र चीनबीच अनि अमेरिका र चीनजस्ता शक्तिशाली मुलुकहरु बीच लामो समयदेखी रहँदै आएको तुष र टसललाई हेरे मात्र पनि पुग्छ । यसरी एमसीसी सम्झौतामार्फत यो युद्धको संकट हामी आफैँले निम्ताएको महासंकट हुनेछ । र, यसबाट हामी उम्किन चाहेर पनि छिट्टै र सजिलै सक्ने अवस्थामा हुनेछैनौं । अनि यस्तो अशान्त, भयावह र विष्फोटक अवस्थामा विकास र समृद्धी होला र ?

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**J J Human Resource Pvt. Ltd.**
Sinamangal-9, Manpower Bazar, Kathmandu, Tel : 4486825, 4486826
Mob.: 9851228946, 9851008265, 9851053767, Fax : 4486826
E-mail : jjhumanresource1040@gmail.com info@ jjhumanresource.com, Web : jjhumanresource.com
श्रम इजाजत नं.: १०४०/०७३/०७४



**साउदीमा रोजगार** | कम्पनी : RAK AL JAZEERA CONTARCTING EST शहर: Jeddha

पूर्व स्वीकृत मिति: २०७८/०३/०९ चलानी नं.: ६०१५९०४० LT. No.: 241236 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Electrician | 1 | 0 | | 1300 | ४१,०८० | | | | | | | |
| 3. | Plumber | 1 | 0 | | 1300 | ४१,०८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०२ गते (18 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.**
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np



**कतारमा रोजगार** | कम्पनी : AL NOAIMI AGRICULTURE & IRRIGATION SERVICES शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०३/३१ चलानी नं.: ६०१६०१६९ LT. No.: 242535 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 15 | 0 | स. काममा दक्ष | 1000 | ३२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०२ गते (18 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Kangaroo Human Resources Pvt. Ltd.**
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4465882, 4465885
Mob.: 9801090371, 9801854401, 9801122569, E-mail : kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com
Govt. Lic. No.: 1381/074/075



**साउदीमा रोजगार** | कम्पनी: DEEZ TRADING COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/04/२६ चलानी नं.: ६०१६१२९६ LT. No.:243729

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factor | 2 | 0 | | 1200 | ३७,९२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १ र २ गते (17 & 18 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com
License No.: 1245/074/075



**साउदीमा रोजगारको अवसर** | १. कम्पनी: IFTA PROJECTS FOR GEN. CONT. EST शहर: Jubail

पूर्व स्वीकृत मिति: २०७८/०१/१२ चलानी नं.: ६०१५७९८३ L.T. No.: 239665 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Building Carpenter | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL SHALAWI INTL CO शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०१/०८ चलानी नं.: ६०१५७७३७ L.T. No.: 239600 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 30 | 0 | स. काममा दक्ष | 1900 | ६०,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०२ गते (18 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**S. P. M. OVERSEAS PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4587837, 4589795
Mob: 9823567057, 9843250196, 9813127393, 9823011813
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com
Gov. Lic No. 817/066/067

# विवाद समाधानका लागि बयान शुरु

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २६ साउन



अखिल नेपाल फुटबल संघ एन्फा वरिष्ठ उपाध्यक्ष पंकज बिक्रम नेम्वाङ र प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीबीचको विवादका विषयमा छानविन समितिले बयान लिन शुरु गरेको छ।

युवा तथा खेलकुद मन्त्रालयको निर्देशनपछि राष्ट्रिय खेलकुद परिषद् राखेपका बोर्ड सदस्य पुरेन्द्रविक्रम लाखे नेतृत्वको समितिले बयान लिन शुरु गरेको हो । १२ जनासँग बयान लिने तयारी गरेको समितिले थप व्यक्तिलाई पनि बोलाउने सम्भावना रहेको जनाइएको छ।

पहिलो दिन राखेपमा भएको बयानका क्रममा चारजनालाई बोलाइए पनि तीन जना मात्रै उपस्थित भएका थिए। पहिलो दिन एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पा, उपाध्यक्ष कृष्ण थापा, पूर्व प्रवक्ता किरण राई र चिफ कोच अरुणा गुरुङलाई बोलाइएको थियो।

उपाध्यक्ष कृष्ण थापा राजधानी बाहिर रहेकाले बयानका लागि उपस्थित भएनन् । उनी बुधबारको बयानमा उपस्थित हुने जनाइएको छ।

एन्फा अध्यक्ष शेर्पालाई विवाद समाधानका लागि किन आफै पहल नगरिएको भन्ने प्रश्न गरिएको थियो भने विवाद हुँदाको दिन किन पोखरा गएको भन्ने विषयमा पनि सोधिएको थियो।

जवाफमा एन्फा अध्यक्ष शेर्पाले विवाद समाधानका लागि आफूले पहल गरेको र समाधान नआएपछि निष्पक्ष ढंगले छानविन होस भनेर नै आफूभन्दा माथिल्ला निकायलाई आग्रह गरेको बताएका थिए। यसैगरी अध्यक्ष शेर्पाले प्रशिक्षकसँग आफ्नो खासै सम्बन्ध नरहेको बताउँदै मेरो जन्म दिनको उपलक्ष्यमा ब्रदर भनेर सम्बोधन गरेकोमा अरुले इस्यु बनाएको बताए।

पंकजसँगको समस्या के हो त भन्ने प्रश्नमा अध्यक्ष शेर्पाले आफू र पंकजबीच कुनै समस्या नरहेको जवाफ दिएका थिए। यसैगरी विवादको विषयमा एन्फामा आएको निवेदनमै माथिल्लो निकायबाट छानविनको विषय माग गरिएकाले आफूले सिफारिस गरेको बताए। यो निर्णयमा कसैले नोट अफ डिसेन्ट पनि नलेखेको जवाफ दिएका थिए। यसैगरी विवादका दिन पूर्व निर्धारित कार्यक्रम रहेकाले पोखरा गएको जवाफ दिए।

यस्तै, एन्फाका पूर्व प्रवक्ता किरण राईले अहिले देखिएको विवाद एन्फाभित्रै समाधान गरिनु पर्नेमा जोड दिएका थिए। एन्फाको अनुशासन समितिले टुंगोमा पुऱ्याउनु पर्नेमा छानविन समिति गठन भइसकेकाले आफूले बयान दिएको बताए।

सामाजिक सञ्जालमा लाइक गरेको विषयलाई लिएर प्रशिक्षक अब्दुल्लाहले सार्वजनिकरुपमा फेसबुकमा आरोप लगाउँदा उनी अनुशासनको दायराभन्दा बाहिर गएको बताए। यो विषय एन्फाभित्र सल्टाउनु पर्नेमा बाहिर छताछुल्ल हुनु आफैमा दुखद् भएको बताए।

उनले दुवै पक्ष एक ठाउँमा बसेर विवाद समाधान गर्दा राम्रो हुने बताए। विवाद शुरुहुनु पूर्व कुनै समाचार लाइक गरेकै भरमा उपाध्यक्ष नेम्वाङले तीन सातादेखि नाटक गरेको आरोप प्रमाणित नहुने पनि बताए। विवादकै कारण आफूले प्रवक्ता पदबाट राजिनामा दिएको बताए।

चिफ कोच अरुणा गुरुङले एन्फाका वरिष्ठ उपाध्यक्ष नेम्वाङ र प्रशिक्षक अब्दुल्लाहका बीचको विवाद आफूले पछि मात्रै थाहा पाएको जवाफ दिएकी छिन्। उनले मिडियामा आएपछि मात्रै कुराहरु थाहा पाएको बताइन्। उनले भनिन् 'मैले महिला टिम मात्रै हेरिरहेकाले पछिल्लो विवादबारे थप कुरा थाहा छैन।'

एन्फाको विवाद समाधानका लागि बुधबार पनि बयानको क्रम जारी नै रहने छ। बुधबार विभिन्न व्यक्तिलाई तयारी गरिएको जनाइएको छ।

जसमा उपाध्यक्ष विरबहादुर खड्का, महासचिव इन्द्रमान तुलाधर, टिम व्यवस्थापक मधुसुदन उपाध्याय, पूर्व प्रशिक्षक बालगोपाल महर्जन र पहिलो दिन छुटेका उपाध्यक्ष कृष्ण थापा रहेका छन्।

# टी-२० विश्वकप खेल्ने न्युजिल्यान्डको टोली घोषणा




न्युजिल्यान्डले आगामी अक्टोबर १७ देखि नोभेम्बर १४ सम्म यूएई र ओमानमा हुने टी-२० विश्वकपको लागि १६ सदस्य टोली घोषणा गरेको छ। उपाधिको दाबेदार न्युजिल्यान्डले केन विलियम्सनको कप्तानीमा विश्वकप खेल्ने टोली घोषणा गरेको हो। आगामी विश्वकपको लागि टोली घोषणा गर्ने न्युजिल्यान्ड पहिलो टोली पनि बनेको छ।


घोषणा टोलीमा अनुभवी ब्याट्सम्यान रस टेलर, अलराउन्डर कोलिन डिग्रान्डहोम, ओपनर कोलिन मुनरो र युवा ब्याट्सम्यान फिन एलेन भने अटाएका छैनन्। २०१४ र २०१६ को टि२० विश्वकप हङकङबाट खेलेका बायाँ हाते अलराउन्डर मार्क च्यापम्यानलाई विश्वकप टोलीमा समेटेको छ। पछिल्लो समय लगातार उत्कृष्ट प्रदर्शन गर्दै आएका ब्याट्सम्यान ग्लेन फिलिप्स र डेभन कन्वे टोलीमा हुँदा ब्याटिङ युनिट बलियो बनेको छ।

तीव्र गतिका बलर एडम मिल्ने विश्वकप टोलीमा छन्। तर उनी कुनै खेलाडी घाइते भएमा टोलीमा समेटिने छन्। ३४ वर्षिय स्पिनर टोड एश्टल पनि विश्वकप टोलीमा समेटिएका छन्। यूएईको पिच स्पिनर सहयोगी हुँदा मिचेल सान्टनार र ईस सोधीसँगै एश्टललाई पनि टोलीमा समेटेको हो।

न्युजिलयान्ड टी-२० विश्वकपको सुपर १२ को समूह बी मा छ। समूह बी मा भारत, पाकिस्तान, न्युजिल्यान्ड, अफगानिस्तान साथै पहिलो चरणबाट आउने समूह ए को उपविजेता र समूह बीको विजेता रहने छन्। समूहका शीर्ष दुई टोली सेमिफाइनलमा स्थान बनाउने छन्।

सुपर १२ को समूह ए मा इंग्ल्यान्ड, दक्षिण अफ्रिका, अष्ट्रेलिया, वेस्टइन्डिजसँगै पहिलो चरणको समूह ए को विजेता र समूह बीको उप विजेता रहने छन्। पहिले चरणको समूह एमा श्रीलंक, नेदरल्यान्ड्स, आयरल्यान्ड र नामिबिया छन्। समूह बी मा बंगलादेश, पपुवा न्युगिनी, स्कटल्यान्ड र ओमान छन्।

# गौरिकाले खोपिन् ओलम्पिकको ट्याटू





**काठमाडौं, एजेन्सी–** गौरिका सिंहले आफ्नो शरीरमा ओलम्पिकको रिङको ट्याटू खोपेकी छिन्। सामाजिक सञ्जालमा ट्याटू खोपेको भिडियो सेयर गर्दै गौरिकाले राम्रो ट्याटू बनाइदिएकोमा खुसी व्यक्त गरेकी छन्।

हालै मात्र सम्पन्न टोकियो ओलम्पिकमा नेपालको प्रतिनिधित्व गरेकी गौरिकाले प्रतियोगिता लगत्तै ट्याटू बनाएकी हुन्।

जापानका टोकियोमा आयोजना भएको ३२ औं गृष्मकालीन ओलम्पिक अन्तर्गत पौडी खेलमा सिंहले राष्ट्रिय कीर्तिमान कायम गरेकी थिइन्। टोकियो एक्वेटिक सेन्टरमा भएको खेलमा गौरिकाले महिलाको १०० मिटर फ्रिस्टाइलमा राष्ट्रिय कीर्तिमान कायम गरेकी हुन्। एक सय मिटर फ्रिस्टाइलमा उनले एक मिनेट ११ मिलिसेकेन्डको समय निकाल्दै राष्ट्रिय कीर्तिमान बनाएकी हुन्। यसअघि उनको नाममा १ मिनेट ६२ सेकेन्डको राष्ट्रिय कीर्तिमान रहेको थियो।

## मेस्सीको नयाँ क्लब अब पीएसजी



**काठमाडौं, एजेन्सी–** अर्जेन्टिनी फरवार्ड लियोनेल मेस्सीले फ्रान्सेली क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी) सँग सम्झौता पक्का गरेका छन्। फ्रि एजेन्ट मेस्सीले दुई वर्षका लागि पिएसजीसँग सम्झौताका लागि सहमति जनाएका हुन्।

पिएसजीले अब चाँडै मेस्सीलाई औपचारिक रुपमा सार्वजनिक गर्नेछ। बार्सिलोनामा १७ वर्ष बिताएपछि मेसीले आइतबार स्पेनिस फुटबल क्लब बार्सिलोन छोडेका हुन्। पिएसजीले फ्रि एजेन्ट मेस्सीलाई २५ मिलियन युरो हस्ताक्षर गरेवापत र प्रति वर्ष २५ मिलियन युरोमा अनुबन्धन गरेको हो। थप एक वर्ष भएमा सोहि रकम हुने उल्लेख छ।

मेसी २००० मा १३ वर्षको उमेरमा बार्सिलोनाको एकेडेमीमा आबद्ध भएका थिए भने २००४ मा सिनियर करिअर सुरू गरेका थिए।

त्यसयता उनले क्लबका लागि दर्जनौ रेकर्ड बनाएका छन्। मेसीले बार्सिलोनाका लागि सर्वाधिक ६७२ गोल गरेका छन्। उनले बार्सिलोनामा रहदा ३५ उपाधि जितेे। जसमा १० ला लिगा र चार च्याम्पियन्स लिगका उपाधि छन्।


## कतारमा रोजगार

१. कम्पनी: **SMART QUALITY TRADING CONTRACTING & SERVICES** शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०४/२६ चलानी नं.: ६०१६१३३९ L.T. No.: 243615

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८१,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 3 | 0 | | 1000 | ३२,५५० | | | | | | | |

२. कम्पनी: **TOTAL FACILITIES MANAGEMENT** शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०४/२६ चलानी नं.: ६०१६१३३८ L.T. No.: 243616

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०२ गते (18 August 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**RADIANT OVERSEAS P. LTD.**
Tinkune-32, Kathmandu, Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069



## साउदीमा रोजगार

ABDULLAH DIRMAN AL-AJMI FOR COMMERCIAL TRADING EST., RIYADH

पुर्व स्विकृति मितिः २०७८।०४।२६ चलानी नं. ६०१६१२८० LT No. 241606

| सि.नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाइम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 05 | काममा दक्ष | 1300 | 39000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः मिति २०७८ भाद्र २ गते (18 August 2021) मेनपावर कार्यालयमा हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्चः नि:शुल्क

**मेनपावर लिङ्क प्रा. लि.**
'Your complete recruiting partner'
बुढानिलकण्ठ-८, काठमाडौं फोन नं.: ०१-४३७५४१८
Lic No.: 350/059/60



## जहदा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

मझारे, मोरङ्ग
प्रदेश नं.१

### बोलपत्र आह्वानको सूचना

**First Published Date : 27th Shrawan, 2078**

1. Jahada Rural Munacipality, Office of the Executive Rural Municipal, Majhare, Morang invites electronics bids from eligible bidders for the procurement of following works under National Competitive Bidding procedures. The name and identification of the contracts are as follows:

| Contarct ID | Particular | Bid Security Amount | Bid Document Price |
|---|---|---|---|
| JRM/NCB/Building/078/079-01 | Construction of Administrative Building of Jahada Rural Municipality at Jahada-5 | 30,00,000.00 | 10,000.00 |

2. Eligible Bidders may obtain further information from Jahada Rural Munacipality, Office of the Executive Municipal, Majhare, Morang, Tel-9827052011, email: jahadagaupalika@gmail.com.
3. Bidder must submit their bid electronically as per e-GP System operation Guidelines, 2074. Bidder can download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, must deposit the cost of bidding document in the account as specified below and the scanned copy (pdf format ) of the bank deposit voucher shall be uploaded by the bidder at the time of submission of bids.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of Bank: Machhapuchhre Bank Ltd, Majhare, Morang**
**Antarik Rajaswa Khata A/c N0.: 8601524690409124**
4. Pre-Bid Meeting shall be held at Jahada Rural Munacipality, Office of the Executive Municipal, Majhare, Morang, on 14th of Bhadra, 2078.
5. Electronic Bid must be submitted to the Jahada Rural Munacipality, Office of the Executive Municipal, Majhare, Morang, through PPMO's website: www.bolpatra.gov.np/egp on or before 25th Bhadra, 2078 at 12:00 noon. Documents received after this deadline shall not be accepted.
6. The bids will be opened in the presence of Bidder's representatives who choose to attend 25th Bhadra, 2078 at 14:00 hours at Jahada Rural Municipality, Office of the Executive Municipal, Majhare, Morang. Bids must be valid for a period of 120 days counting from the day of bid opening and must accompanied by bid security, which shall be valid for minimum of 30 days beyond the bid validity period.
7. If tha last date of submission and opening day falls on government holiday then the next working day shall be considered the last day. In such case the bid validity and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept, or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
9. Anything not mentioned in this notice shall be in accordance with the Public Procurement Act, 2063 and the Public Procurement Rule, 2064.

**Chief Administrative Officer**



## दुर्गा भगवती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गङ्गापिपरा, रौतहट
प्रदेश नं. २ नेपाल

### सूची दर्ता गर्ने सम्बन्धी सुचना

**प्रथमपटक प्रकाशित मिति : २०७८/०४/२७ गते**

यस दुर्गा भगवती गाउँपालिकाको लागि आ.व. २०७८/०७९ मा निम्न अनुसारको बस्तु तथा सेवा आपुर्ती गराउन सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ को प्रयोजनको लागि सूची दर्ता गर्नुपर्ने भएकोले सम्बन्धीत व्यवसाय गर्ने ईजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तपसिल मध्ये कुन कामको लागि सुचिकृत हुन चाहेको हो स्पष्ट उल्लेख गरि यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसील**

१. मसलन्द कार्यालय सामान तथा अन्य आवश्यक सामान आपुर्ति तथा मर्मत कार्य।
२. छपाई तथा व्याण्डिङ्ग कार्य।
३. फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी आपूर्ति तथा मर्मत कार्य।
४. कार्यालय उपकरण : कम्प्युटर प्रिन्टर, यु.पि.एस. फोटोकपी मेशिन, क्यामरा, ए.सी. फ्रिज, कार्टेज र अन्य विविध सामाग्रीहरु आपुर्ती तथा मर्मत।
५. नेटवर्किङ्ग, ईन्टरनेट तथा वेवसाईटको डिजाईन, सफटवेयरको कार्य।
६. पत्रपत्रिका तथा पुस्तक आपुर्ति कार्य।
७. ईलेक्टिक तथा ईलेक्ट्रोनिक्सको सामान आपुर्ति सम्बन्धि कार्य।
८. निर्माण सामाग्री आपुर्ति र निर्माण कार्य।
९. सवारी साधन आपुर्ति तथा मर्मत।
१०. अफिस उपकरण, कम्प्युटर, फोन, फ्याक्स, फोटोकपी, प्रिन्टर, ईन्टरनेट, ईन्टरकम तथा ईलेक्टीकल सामानहरु आपुर्ति तथा मर्मत कार्य।
११. सूचना प्रकाशन तथा प्रशारण सम्बन्धी कार्य।
१२. भवन, भौतिक संरचना मर्मत सम्बन्धी कार्य।
१३. हेण्डपाईप, पोलिथिन पाईप, हयुम पाईप, जिआई पाईप, सरसफाई उपकरण आपुर्ति तथा मर्मत।
१४. कृषि तथा पशु सेवा संग सम्बन्धित सामग्री तथा उपकरणहरु खरिद।
१५. स्वास्थ्य सेवा संग सम्बन्धित औषधि,सामग्री तथा उपकरणहरु खरिद।
१६. बिभिन्न सिपमुलक तथा आय आर्जन सम्बन्धि तालिम संचालन।
१७. सौर्य उर्जा सम्बन्धि सामग्री तथा उपकरण खरिद तथा जडान।
१८. विविध परामर्श सेवा।

**पेश गर्नुपर्ने कागजात :**
१. फर्म, कम्पनी तथा संस्था दर्ता वा ईजाजतपत्र तथा नविकरण/ अध्यावधिकको प्रतिलिपि।
२. स्थायी लेखा नम्बर तथा मुल्य अभिवृद्धिकर दर्ता तथा आ.व. २०७७/०७८ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि (मु अ करमा दर्ता हुन नपर्ने भए सोको प्रमाण)।
३. सार्बजनिक खरिद ऐन २०६३ को दफा ६३ बमोजिमको कालो सूचीमा नपरेको व्यहोराको लिखित जानकारी।

**अन्य जानकारीहरु :**
१. आवश्यक कागजातहरुको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन।
२. प्राप्त निवेदन सुचिकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
३. यस सूचनामा उल्लेख कुरा यसै बमोजिम अन्य कुराहरु प्रचलित ऐन, कानुन अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## देउवा सरकारको श्वेतपत्र

# अनुत्पादक क्षेत्रमा खर्च बढ्यो, ऋण वार्षिक बजेटभन्दा माथि पुग्यो

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, २६ साउन ।

सरकारको कुल ऋण १७ खर्ब २९ अर्ब पुगेको छ । मंगलबार संसदमा श्वेतपत्र प्रस्तुत गर्दै अर्थमन्त्री जनार्दन शर्माले ऋण बढ्दै गएको भन्दै चिन्ता व्यक्त गरे । उनका अनुसार आन्तरिक र बाह्य ऋण गरी सरकारको कुल ऋण १७ खर्ब बढि पुगेको हो ।

श्वेतपत्रअनुसार आन्तरिक ऋण बढेर ८ खर्ब १ अर्ब पुगेको छ । यस्तै बाह्य ऋण बढेर ९ खर्ब २८ अर्ब पुगेको छ ।

आर्थिक वर्ष २०७३/७४ मा कुल तिर्न बाँकी सार्वजनिक ऋण ६ खर्ब ९८ अर्ब अर्थात कुल गार्हस्थ उत्पादनको २२.७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७७/७८ मा २५० प्रतिशतले वृद्धि भएको हो ।

आर्थिक वर्ष २०७७/७८ मा आन्तरिक ऋण २ खर्ब २४ अर्ब र वैदेशिक ऋण १ खर्ब ४० अर्ब गरी जम्मा ३ खर्ब ६४ अर्ब बढेको छ। यो कुल संघीय खर्चको ३०.८ प्रतिशत परिचालन भएको छ । यसरी सार्वजनिक ऋण उल्लेख्य रुपमा वृद्धि हुँदै गएता पनि देशको आर्थिक वृद्धि तथा विकासमा अपेक्षित प्रतिफल हासिल हुन नसकेको पत्रमा उल्लेख छ।

श्वेतपत्रअनुसार गएको ३ वर्षमा करिब २५० अर्बले नै सार्वजनिक ऋण बढेर कुल ग्रार्हस्थ उत्पादनको झन्डै ४०.५ प्रतिशतको हाराहारीमा पुगेको देखिन्छ। यस्तो ऋणमा हालसम्म आन्तरिक तर्फ ८ खर्ब रहेको र वैदेशिक ऋण ९ खर्ब २८ अर्ब रहेको उल्लेख छ।



### ओलीको पालामा शोधनान्तर घाटा थप डेढ अर्ब

अर्थमन्त्री शर्माले अघिल्लो सरकारको पालामा थप १ खर्ब ४३ अर्ब रुपैयाँ शोधनान्तर घाटा बढेको तथ्याङ्क प्रस्तुत गरेका छन् । झण्डै दुईतिहाई बहुमतसहित सत्तारोहण गरेको अघिल्लो केपी ओली सरकारले मुलुकको आर्थिक अवस्था नाजुक रहेको जनाउँदै मुलुकको ४८ अर्ब घाटा रहेको देखाए पनि सो गत आर्थिक वर्ष २०७७/७८ मा आइपुग्दा २ खर्ब १६ अर्ब माथिको घाटा देखिएको बताए । हालसम्मको सञ्चिति कोषबाट समेत पूर्ति गर्दासमेत अझै १ खर्ब ४३ अर्ब अपुग देखिने अर्थमन्त्री शर्माले बताए ।

### ७ प्रतिशतको आर्थिक वृद्धिदर असम्भव

अर्थमन्त्री शर्माले ७ प्रतिशत आर्थिक वृद्धिदर असम्भव रहेको बताएका छन्। अघिल्लो सरकारले बजेट मार्फत ७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हाँसिल गर्न असम्भव भएको बताएका हुन् ।

अघिल्लो सरकारले लिएका सम्पूर्ण लक्ष्यहरु कोरोनाको कारण हाँसिल गर्न कठिन रहेको उनको भनाइ छ । यस्तै, उनले अघिल्लो सरकारले विनियोजित बजेट खर्च गर्न पनि नसकेको उल्लेख गरेका छन् । अघिल्लो नेकपा एमालेको सरकारले अध्यादेशमार्फत ल्याएको बजेटले चालु आर्थिक वर्षमा ७ प्रतिशत आर्थिक वृद्धिदर हुने लक्ष्य लिएको थियो।

### वैदेशिक स्रोत परिचालनमा गर्न सरकार असफल

संसदमा श्वेतपत्र प्रस्तुत गर्दै अर्थमन्त्री शर्माले सरकारले वैदेशिक स्रोतको परिचालन गर्ने विषयमा सरकार असफल भएको उल्लेख गरेको छ । प्रत्येक वर्ष सरकारले सरकारले लिने वैदेशिक ऋण परिचालनको लक्ष्यमा ५० प्रतिशत पनि प्रगति हासिल गर्न सकेको छैन ।

वैदेशिक स्रोतको परिचालनमा पर्याप्त तयारी बिनै हुने गरेको छ। यस्तै उत्पादनशिल क्षेत्रमा जानु पर्नेमा सो हुन सकेको छैन। आन्तरिक तथा बाह्य ऋण बढेर १७ खर्ब २९ अर्ब पुगेको श्वेतपत्रमा उल्लेख गरिएको छ ।

# युवाको आकर्षण कृषि उद्यम व्यवसायमा



**हिमेश बि.क/मध्यान्ह**
धनगढी, २६ साउन ।

पछिल्लो समय सुदूरपश्चिम प्रदेशका युवा कृषिका नयाँ-नयाँ उद्यम व्यवसायमा आकर्षित हुँदै गएका छन् । यसअघि प्रदेशमै पहिलो पटक व्यावसायिक कागती खेती शुरू भएकोमा पछिल्लो समय युवाहरूले स्ट्रबेरी र ड्र्यागन फ्रुटको खेतीसमेत शुरू गरेका छन् ।

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१० मा फारवेष्ट हाइटेक एण्ड बायोटेक एग्रो फार्मले प्रदेशमै पहिलोपटक व्यावसायिक रूपमा स्ट्रबेरीखेती शुरू गरेको छ । प्लाष्टिक टनेलमा मल्चिङ प्रविधि प्रयोग गरी ५ लाख लगानीमा स्ट्रबेरी खेती गरिएको फार्म सञ्चालक नन्दलाल भट्टले मध्यान्हलाई बताए ।

थोपा सिँचाइको माध्यमबाट खेती गरिएको स्ट्रबेरीले फल दिन शुरू गरेको छ । प्रतिकिलोग्राम ७०० रुपैयाँका दरले स्ट्रबेरी स्थानीय बजारमा सहजै बिक्री भएको उनको भनाइ छ । भट्टले काठमाडौंबाट स्ट्रबेरीका १ हजार ६०० बिरुवा ल्याई खेती शुरू गरेका हुन् । दुई कट्ठा क्षेत्रफलमा लगाइएको स्ट्रबेरीको उत्पादन अपेक्षाकृत राम्रो देखिएकाले क्षेत्रफल विस्तार गरी उत्पादन बढाउने तयारी भइरहेको उनले बताए । स्ट्रबेरीका नयाँ बिरुवा उत्पादनका लागि नर्सरी तयार पारिएको छ ।

यसैगरी कैलालीको गोदावरी नगरपालिका-२ तेघरीमा प्रदेशमै पहिलोपटक ड्र्यागन फ्रुटको समेत खेती थालिएको छ । प्रदेश राजधानी घोषणा गरिएको स्थान नजिकै भीमदत्त नगरपालिका-१ महेन्द्रनगरका व्यवसायी गोकर्ण ओलीले ड्र्यागन फ्रुट लगाएका हुन् । प्रदेशको कृषि विकास निर्देशनालयको सहयोगमा उनले ३ हजार ५०० बोट ड्र्यागन फ्रुट रोपेका छन् । यसका लागि हालसम्म २८ लाखभन्दा बढी लगानी भइसकेको फार्म सञ्चालक ओलीले बताए । डेढ विगहा जमीन १० वर्षका लागि लिजमा लिएर गत साउनमा ड्र्यागन फ्रुट रोपिएको उनले बताए । 'अहिले ५/६ फिट अग्लो बोट भइसकेको छ,' उनले भने, 'रोपेको १८ महीनादेखि २ वर्षमा फल लाग्छ ।' एकपटक रोपेपछि २० वर्षसम्म उत्पादन लिन सकिने उनको भनाइ छ ।

ओलीले ड्र्यागन फ्रुटको बिरुवा रौतहट, सिन्धुली र दाङबाट ल्याएका हुन् । रातो जातको प्रतिबोट ३०० रुपैयाँका दरले २ हजार ४०० र सेतो जातको प्रतिबोट २०० रुपैयाँका दरले १ हजार १०० बोट ल्याएर लगाएको उनले बताए । कञ्चनपुरको झिलमिलामा पनि युवाको समूहले १७ हजार बोट ड्र्यागन फ्रुट रोप्ने तयारी गरेको उनले सुनाए ।

प्रदेशमा यसअघि नै व्यावसायिक कागती खेती पनि हुँदै आएको छ । गोदावरी नगरपालिका-४ खैराना अत्तरिया कैलालीका दुई युवाले सामूहिकरूपमा व्यावसायिक कागती खेती गरेका हुन् । स्थानीय पुष्कर पन्त र खेमराज भट्टराईले भूमिराज एग्रो सर्भिस नामक कम्पनी स्थापना गरेर ८ विगहा क्षेत्रफलमा १ करोड ३२ लाख लगानी गरेर 'थाई लेमन' प्रजातिको कागती खेती गरेका छन् ।

सरस्वती आधारभूत प्राविको ९ विगहा जमिन १५ वर्षका लागि लिजमा लिएर ८ विगहामा कागती र एक विगहामा तरकारी खेती लगाइएको छ । स्थानीय बजारमा कागतीको माग निकै बढी भएको र कागतीका लागि पनि भारतकै भर पर्नुपर्ने अवस्था देखेर शुरूमा गुजरातबाट बिरुवा ल्याएर कागती लगाइएको थियो । अहिले आफैंले बेर्ना उत्पादन गर्दै आएको सञ्चालक पन्तले बताए । सुदूरपश्चिममा खपत हुने ७० प्रतिशतभन्दा बढी कागती भारतका विभिन्न शहरबाट आयात हुने गरेको भन्दै सञ्चालक पन्तले कागती बजारको राम्रो सम्भावना देखेर यसको व्यावसायिक खेती शुरू गरेको बताए । 'अहिले हामीले ७ हजार कागतीका बिरुवा रोपेका छौं,' उनले भने, 'हामीले लगाएको कागती ठूलो आकारको भएकाले शुरूमा बजार लिन समस्या देखिए पनि अहिले यहाँका होटेलको रोजाइमा पर्न थालेको छ ।' आफ्नो फार्मको उत्पादनले बुटवलसम्म बजार लिएको सञ्चालक पन्तले बताए । यो वर्ष मात्र डेढ सय टन कागती बिक्री गरिएको उनको भनाइ छ ।

## संक्षिप्तमा अर्थ

### निफ्राको नाफा ६५ करोड

**काठमाडौं/मस–** नेपाल इन्फ्रास्ट्रक्चर बैंकले ६५ करोड रुपैयाँ नाफा गरेको छ। बैंकले गतवर्षको भन्दा ५ करोड रुपैयाँले नाफा बढाएर ६५ करोड ८५ लाख रुपैयाँ नाफा गरेको हो ।

पूर्वाधार क्षेत्रमा कर्जा दिन खोलिएको निफ्राको चुक्ता पूँजी २० अर्ब रुपैयाँ रहेको छ। निफ्राले ३० करोड रुपैयाँ निक्षेप संकलन गरेका छ भने २ अर्ब २७ करोड रुपैयाँ कर्जा दिएको छ ।

पूर्वाधार क्षेत्रमा लगानी गर्न खोलेको संस्था भएपनि निफ्राले बैंकमा राख्ने ब्याज आन्दानीले मात्र नाफा गरेको देखिन्छ ।

बैंकले प्रकाशित गरेको वित्तीय विवरणअनुसार प्रति सेयर आम्दानी ५ रुपैयाँ ३८ पैसा रहेको छ । यस्तै इक्विटीमा प्रतिफल ४.९६ प्रतिशत रहेको छ।

### एभरेष्टको १०४औं शाखा ललितपुरको भैसेपाटीमा

**काठमाडौं/मस–** एभरेष्ट बैंकले आफ्नो १०४ औं शाखा ललितपुरको भैसेँपाटीमा सञ्चालनमा ल्याएको छ।

ग्राहकलाई अत्याधुनिक बैंकिङ्ग सेवा र सुबिधाहरु उपलब्ध गराउनका लागि बैंकले उक्त स्थानमा नयाँ शाखा विस्तार गरी साउन २५ गतेदेखि सञ्चालनमा ल्याएको हो ।

उक्त शाखाको उद्घाटन बैंकका सहायक महाप्रबन्धक केशवराज पौडेल, ललितपुरका वडा अध्यक्ष पुरुषोत्तम खड्काले संयुक्त रुपमा गरेका हुन् ।

उक्त उद्घाटन समारोहमा ललितपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष निरुजङ्ग थापा, नेपाल प्रहरीका भैसेँपाटी क्षेत्र इन्चार्ज लोक बहादुर गुरुङ्ग, एभरेष्ट बैंक बाग्मती प्रदेशका प्रादेशिक-प्रबन्धक सन्तोष भट्टराई, बैंकको बजार विभाग प्रमुख पुष्पराज उप्रेती लगायत अन्य स्थानीयको उपस्थिति रहेको थियो ।

उद्घाटन समारोहमा बैंकले आफ्ना ग्राहकलाई अत्याधुनिक तथा गुणस्तरीय बैंकिङ्ग सेवा प्रदान गराउने आश्वासन व्यक्त गरेको छ ।

बैंकले १०४ शाखा संजाल प्रादेशिक कार्यालय, १३६ वटा एटीएम मार्फत ग्राहकलाई अत्याधुनिक मोबाइल र इन्टरनेट र एसएमएस बैकिंग सुबिधा प्रदान गर्दै आइरहेको छ । साथै, बैंकले नेपाल सरकारको राजस्व संकलनको लागि ३१ वटा संकलन केन्द्रबाट समेत सेवा दिँदै आइरहेको छ ।

### कामना सेवा र सिडिएससिबीच सम्झौता

**काठमाडौं/मस–** कामना सेवा विकास बैंक र सिडिएससिबीच निक्षेप सदस्यता सम्बन्धी सम्झैता सम्पन्न भएको छ। अब कामना सेवा विकास बैंकले पनि निक्षेप सदस्यको हैसियतले सर्वसाधारणलाई सेवा सुविधा प्रदान गर्ने भएको छ। पुतलीसडक स्थित सिडिएससिको कार्यलयमा एक कार्यक्रमका बिच सिडिएससिको तर्फबाट प्रमुख कार्यकारी अधिकृत पूर्ण प्रसाद आर्चाय तथा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले संयुक्त रुपमा सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए ।

हाल सिडिएससि बाट ७८ वटा संस्थाहरुले निक्षेप सदस्यता प्राप्त गरेका छन। बैंकले निक्षेप सदस्य सम्बन्धी कार्यहरु शीघ्र संञ्चालनमा ल्याउने योजना बनाएको छ।

काठमाडौं -३०, ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा १२९ वटा शाखा, एक विस्तारीत शाखा लगायत ७० वटा एटिएम मार्फत ग्राहकहरुलाई आफनो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ ।

यस बैंकले सोसल मिडिया बैंकिङ्ग, केएसआइ मोबाइल, जस्ता विभिन्न डिजिटल माध्यमहरुबाट समेत ग्राहक महानुभावहरुलाई सरल, सहज र उत्कृष्ट बैकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

### राष्ट्रिय वाणिज्य बैंकको क्रेडिट कार्ड सेवा सुरु

**काठमाडौं/मस–** राष्ट्रिय वाणिज्य बैंकले नगद कारोबारमा रहेको जोखिमलाई न्यूनिकरण गर्न मंगलबार क्रेडिट काड सेवाको शुभारम्भ गरेको छ । बैंक संचालक समितिका अध्यक्ष रामशरण पुडासैनीले बैंकका ग्राहक एवं एशियन लाइफ इन्स्योरेन्स कम्पनीका अध्यक्ष दिपककुमार श्रेष्ठलाई एक कार्यक्रमकाबीच क्रेडिट कार्ड हस्तान्तरण गर्दै सेवाको शुभारम्भ गरेका छन् ।

समारोहमा बैंक संचालक समितिका अध्यक्ष रामशरण पुडासैनीले ग्राहकको चाहना अनुसार नयाँ-नयाँ बैंकिङ्ग प्रोडक्टको अनुसन्धान गर्नुपर्ने बताउँदै यस्तो सेवाले ग्राहकवर्गको आर्थिक कारोबारमा सहजता हुने बैंकले विश्वास लिएको बताए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले क्रेडिट कार्डको शुभारम्भपछि पूर्ण डिजिटल बैंकिङ्ग तर्फ बैंक अगाडि बढिरहेको बताउँदैं नेपाल, भारत र भुटानमा चल्ने यो सेवा बैंकका सबै शाखा कार्यालयबाट माग गर्न सकिने बताए । एशियन लाइफ इन्स्योरेन्स कम्पनीका अध्यक्ष दिपककुमार श्रेष्ठले रा.वा.बैंकको पहिलो क्रेडिट कार्ड ग्राहक हुन पाउँदा खुसी लागेको बताउँदै बैंकको व्यवसाय विस्तारको लागि शुभकामना व्यक्त गरे ।

समारोहमा उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनीले प्रतिस्पर्धी बजारमा सस्तो ब्याजदरमा दिइने क्रेडिट कार्ड ग्राहकको आयश्रोत एवं भुक्तानी क्षमताको आधारमा ग्राहकलाई २० हजार देखि पाँच लाख रुपैयाँसम्मको क्रेडिट लिमिट दिन सकिने बताए ।

डिजिटल बैंकिङ्ग विभागका प्रमुख ऋषिराम ढकालले क्रेडिट कार्डबाट ग्राहकले दैनिक रकम भुक्तानी, अनलाइन सपिङ्ग, तोकिएको सीमा भित्र रहेर नगदसमेत झिक्न मिल्ने सुविधा रहेको बताए । बैंकको हाल ७७ जिल्लामा २४७ वटा शाखा कार्यालय, २०९ वटा एटिएम र ९८ वटा शाखा रहित बैंकिङ्ग रहेको छ। उक्त समारोहमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृत सरस्वती अधिकारी, विभागीय प्रमुखहरु, बैंकमा क्रियाशिल ट्रेड युनियनका अध्यक्षहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

### कृषि विकास बैंकको ऋणपत्र नेप्सेमा सूचीकृत

**काठमाडौं/मस–** कृषि विकास बैंकको 'कृषि ऋणपत्र' नेपाल स्टक एक्स्चेञ्ज (नेप्से) मा सूचीकृत भएको छ । ४ प्रतिशत व्याजदर रहेको बैंकको उक्त ऋणपत्र साउन २६ गते नेप्सेमा सूचीकृत भएको हो ।

बैंकले हालै १ हजार रुपैयाँ अंकित दरका ६० लाख कित्ता बराबरको कृषि ऋणपत्र निष्काशन गरेको थियो ।

उक्त ऋणपत्र सूचिकरण गरी कारोबारका लागि कृषि विकास बैंक र नेप्सेबीच धितोपत्र सूचिकरण सम्बन्धी सम्झौता सम्पन्न भएको । उक्त सम्झौतामा कृषि विकास बैंकको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकुमार उपाध्याय र नेप्सेका तर्फबाट चन्द्रसिहं साउदले हस्ताक्षर गरेका हुन् ।

यससँगै, बैंकको 'कृषि ऋणपत्र', साउन २७ गतेदेखि दोश्रो बजारमा कारोबार सुरु हुनेछ । उक्त अवसरमा कृषि विकास बैंकका विभागीय प्रमुख प्रेमकुमार श्रेष्ठ, कम्पनी सचिव हिमलाल पौडेल, नेप्सेका प्रविन पन्ढाक, कुलचन्द्र रिजाल, भेषराज नेपाल, नवराज थापा र एनआईबिएल एस क्यापिटलका डिपुटी सीईओ मेखबहादुर थापाको उपस्थिती थियो । मेखबहादुर थापाको उपस्थिती थियो ।

### बजाज पल्सर इपीएलका लागि टाइटल स्पन्सर

**काठमाडौं/मस–** बजाज पल्सरलाई एभरेस्ट प्रिमियर लिग टी २० क्रिकेट प्रतियोगिताको टाइटल स्पन्सर भएको छ । यो कार्यक्रम अब आउने सेप्टेम्बर २५ मा काठमाडौंको त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सुरु हुनेछ ।

बजाज पल्सर एभरेस्ट प्रिमियर लिगको नामको रूपमा यो कार्यक्रमको सञ्चालन हुनेछ । १४ दिने प्रतियोगितामा नेपालका उद्योगपतिहरुको स्वामित्वमा रहेका फ्रेन्चाइजहरु रहेका छन् । टोलीहरुको नाम विराटनगर वारियर्स, काठमाडौं किंग्स ११, पोखरा राइनोज, ललितपुर प्याट्रियट्स, चितवन टाइगर्स र भैरहवा ग्लेडिएटर्स रहेका छन् ।

जब विश्वव्यापी क्रिकेटका व्यक्तित्वहरु पिचमा उत्रिनेछन् तब यो प्रतियोगिताको स्टेजमा आगो लाग्नेछ । बजाज पल्सर एभरेस्ट प्रिमियर लिग २०२१ का केहि स्टार खेलाडीहरुमा शाहिद अफ्रिदी (पाकिस्तान), शोएब मलिक (पाकिस्तान), कार्लोस ब्रेथवेट (वेस्ट इन्डिज)हरु सामेल रहेका छन् ।

**विज्ञापनको लागि मध्यान्हको इमेल परिवर्तन भएको सूचना ।**

मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशनका लागि नयाँ इमेल: **ad.madhyanha@gmail.com** मा पठाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं
फोन नं.: **01-4228298, 4226366**
मो. नं.: **9841885670**

**मध्यान्ह** राष्ट्रिय दैनिक

- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिर्वतन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासा भएमा ।

सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: **01-4228298** | मो. नं.: **9851149919**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**